# अध्याय - एक

## १.१ पृष्ठभूमि

शिक्षा मानव विकासको मेरुदण्ड हो । मानिस चेतनशील प्राणी भएकोले सृष्टिकालदेखि सिक्ने सिकाउने कार्य चल्दै आएको छ । शिक्षा भन्नु नै सिक्ने सिकाउने क्रियाकलापसँग सम्बन्धित छ । त्यसैले यो जीवनपर्यन्त चलिरहने प्रक्रिया मानिएको छ । मानिसले आफ्नो जीवनको अन्तरालमा देखेर सुनेर, अनुभव गरेर, क्रिया प्रतिक्रिया गरेर प्रत्यक्ष रुपमा सिक्ने सिकाउने कार्य निरन्तर गरिहेको हुन्छ जुन कुराको अनुभव व्यक्तिलाई त्यति रहेको हुँदैन ।

नेपाल बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक देश हो । यहाँ विभिन्न सम्प्रदाय भाषाभाषी तथा जातजातिका मानिसहरु बसोबास गर्दछन् । वि.सं. २०५८ सालको जनगणना अनुसार नेपालमा ६२ भन्दा बढी जातजातिहरु बसोबास गरेको तथ्य देखाइएको छ । मुलुकको कुना कन्दरामा छरिएर रहेका पिछडिएका जाति जनजातिभित्र पर्ने एउटा जाति 'दनुवार' पनि हो । यो जातिको नामाङ्करण विभिन्न मतहरु छन, एक थारीले डोरण हिड अर्थात स्थानको नामबाट रहन गएको विश्वास छ भने अर्को थरीले प्रचिन कालिन दोन नदी जसलाई सरयूग नदिको उपत्यकामा विस्तारै-विस्तारै बस्ती बसाए र सघन गाउँहरु बनाइए एवं कलान्तरमा राज्य स्थापना गरिए । यसरी यस दनुवार जातिको नाम दोन नदिको नामले राखियो ।

दनुवार मङ्गोलियन बंशज हो । मङ्गोलियनको मूल स्थान मङ्गोलिया मानिन्छ । जो मध्य एसियामा अवस्थित छ । यसका एक शाखाहरु भारत, चीन, मिश्र, हङ्गेरी, साइबेरियातिर लागे । यिनका भाषा, लिपि, संस्कृतिलाई मङ्गोलियन साहित्य अध्ययनले प्रष्ट गर्दछ ।

भौगोलिक कारणले यिनका धर्म, पर्व, रहन-सहन, खानपान, भाषा आदिमाथि केही अंशमा प्रभावित पारेको छ तर मौलिक संस्कृतिमा फरक छैन ।

बहादुर, दारोगा, सुमेरु, बहदुरिया, दुर्गा, महाकाल, तारा, काली, शम्भु आदि मङ्गोलियन शब्द हुन्छ । मङ्गोलियन कालीलाई पूजा अर्चना गर्ने गर्दछन । यिनले हङ्गेरी, चीन, पठार, भारत, साइबेरिया, नर्मदा, सिन्धुघाँटी आदिमा राज्य र साम्राज्य स्थापना गरेका थिए । सिन्धु सभ्यता प्रथम चरणमा उजाडिन थालेपछि मानिसहरु विस्तारै पूर्वतर्फ आबाद गर्दै बस्ती बसाउँदै राज्य एवं साम्राज्य स्थापना गर्न थाले ।

आ-आफ्नो प्रकारको सामाजिक मान्यता र संस्कृतिबाट स्थापित हुन पुगेको विभिन्न जातिमध्ये संख्यात्मक रुपमा दनुवार जाति सानो छ तापनि यो जाति आफ्नो विशिष्ट पहिचान भएको जातिको श्रेणीमा उभिएको छ । थारु जातिसँग नजिकको सम्बन्ध भएको दनुवार जातिको उत्पतिस्थल बाँके, भएको र त्यहीबाट नै अन्यत्र फैफिएको विश्वास गरिन्छ । कछडिया, जनै धरिया, राई, धनुवार, अधिकारी दनुवार गरी दनुवार जातिका ४ वटा थारुहरु छन् । कछरिया चुरे र महाभारत पर्वतको कछारमा बसोवास गर्छन् भने जनै लाउने दनुवारहरु तराईमा बढी मात्रामा पाइन्छन् । राई दनुवार, अधिकारी दनुवार नदी किनारमा बसोबास गर्छन ।

दनुवारहरुले कृषि, पशुपालन, माछा मार्ने, व्यवसायलाई आफ्नो जिविकाको माध्यम बनाएका छन् । अशिक्षा, गरिबी, पछौटेपन, अन्धविश्वास आदि कुरितीले गर्दा यो जातिको अवस्था दयनीय छ । २०४८ सालको राष्ट्रिय जनगणना अनुसार यो जाति नेपालका ५७ जिल्लाहरुमा छरिएररहेको छ । उक्त तथ्याङ्कले देखाए अनुसार सबैभन्दा बढी संख्या सिन्धुली जिल्लामा रहेको छ भने दोस्रो बढी संख्या काभ्रे जिल्लामा रहेको छ । तर पछिल्लो सन् २००१ को तथ्याङ्क अनुसार यो जाति नेपालको ७४ जिल्लामा छरिएर रहेको देखाइएको पाइन्छ भने सन् २००२ को तथ्याङ्क अनुसार दनुवार जातिको कुल जनसंख्या ५३२२९ जना छन् । जसमध्ये १७ हजार दनुवार समुदायका मानिसहरु उदयपुर जिल्लाको डडिया, जोगीदह, रिस्कु, कटारी, त्रिवेणी गा.वि.स.हरुमा बसोवास गर्दछ भने अध्ययन स्थल रिस्कु गा.वि.स.मा १७५५ जना छन् । (दनुवार,केदार,२०६४)

२००७ सालको परिवर्तनपश्चात अन्य जातिको शैक्षिक क्षेत्रमा प्रगति भए तापनि यो जातिको शैक्षिक विकासमा खासै परिवर्तन देखा परेन । खेती गर्ने, माछा मार्ने काममा यिनीहरु पहिलेदेखि नै सक्रिय रहेको तर विद्यालयको औपचारिक शिक्षातर्फ भने दनुवार जातिको खासै आकर्षण रहेको देखिदैन । न्यून मात्रामा विद्यालय जाने तर गएकाहरु पनि गरिबी र अभिभभावकको अशिक्षाको कारण पढेर के हुन्छ र भन्ने मान्यताले ग्रस्त पारेको विभिन्न अध्ययन अनुसन्धानले देखाएको छ । शिक्षाप्रतिको दनुवार दर्शन अर्थात उनीहरुको दृष्टिकोण नै भिन्न प्रकारको रहेको छ । यी समुदायमा आमा, बाबु तथा बाबुबाजेले आफ्नो जीवनकालमा आर्जन गरेका परापूर्वकालिन अनुभवहरुलाई छोरा छोरीमा पनि स्थापित गराउने उद्देश्यबाट शिक्षा विकास हुँदै आएको छ । तर माछा मार्ने र खेती गर्ने काम सँगसँगै अन्य जातिसँगको बसउठको कारण शिक्षाप्रतिको धारणामा पनि अहिले थोरै मात्रामा भने पनि परिवर्तनको झल्को दिन थालेको छ । धामी झाँक्री र तन्त्रमन्त्रमा बढी विश्वास राख्ने दनुवार समुदाय अहिले आधुनिकतातिर ढल्किन लागेका छन् र धामी झाँक्री र तन्त्रमन्त्र भन्दा अस्पताल र औषधी बढी प्रभावकारी हुन्छ भन्ने कुरामा विश्वास गर्न थालेका छन तर बुढापाकामा भने अस्पताल र औषधीले खासै प्रभाव पार्न सकेको देखिदैन ।(दनुवार,केदार,२०६४)

त्रिपाठी, (२०६३) को अनुसार महिलाहरुले पुरुषको दाँजोमा कामहरु धेरै गर्छन् तर ती सबै कामहरु ओझेलमा पारिएका हुन्छन् । यसैले गर्दा आर्थिक वृद्धिदर तय गरिने, उत्पादनको नाप लिने जस्ता कामको सूचक बनाउने कार्यमा यसले महत्व पाएको हुँदैनन् । फलस्वरुप वार्षिक आयको निर्धारण गर्ने कार्यमा नै असर पारिरहेको छ । यस प्रकार विकासको स्थिति हेर्ने र आर्थिक स्थितिको आँकलन गरिने परिपाटी अपनाउनाले पनि हाम्रो प्रति व्यक्ति आय कम हुन पुगेको हुन सक्छ । यस्तो हचुवा प्रकारको मापन कार्यले गर्दा देशका विकासको लागि तयार पारिएका योजना ती योजनाको कार्यान्वयनमा समेत नराम्रो असर पारिरहेका हुन्छन् । यस्ता कुराहरुलाई पनि अर्थशास्त्रीहरुले चासोको विषयका बनाएका हुँदैनन् । किन अर्थशास्त्रका क्षेत्रहरुलाई पुरुष पक्षीय बनाएर आर्थिक व्यवस्थापनका कार्यहरु गराएका हुन्छन् ? यस्ता कुराहरु धेरै विचारणीय छन् । जस्तो विकासतर्फअग्रसर हुन खोजेको देशका महिलाहरुले गर्ने कामले बाजरसँग साझो सम्पर्क राख्न सक्दैनन् । तापनि यस्ता खाले अर्थतन्त्रमा सघाउ पुऱ्याएको हुन्छ भन्ने कुरा बिर्सनु हुँदैन

देश विकासका लागि अर्थतन्त्रले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस कार्यमा समाजका विभिन्न वर्गका व्यक्तिहरुको योगदान रहे यस्तो धारणाले व्यापक मान्यता पाएको छ । यस्तो धारणा नै गलत छ । यही धारणाको असर महिला वर्ग र सिंगो देशले नै भोग्नु परेको छ भन्ने कुरामा त्रिपाठी (२०६३ : ४) ले विशेष जोड दिन को हुन्छ ।  विशेष गरी हाम्रो देशको ग्रामीण अर्थतन्त्रमा महिलाहरुको सहभागिता र योगदान बढी छ तर महिलाहरुले गर्ने कामहरु सानातिना हुन भन्ने धारणाले व्यापक मान्यता पाएको छ ।

गरिववर्ग र महिलाहरु विकासको मूल धारमा आउन सक्दैन भन्ने गलत धारणा राख्नु हुँदैन । यस्ता गलत धारणाको निराकरण गर्न देश विकासको लागि आवश्यक पूर्वाधार र कार्यान्वयन पक्षलाई मजवुत पार्न सबैमा शिक्षा समान अवसर पुऱ्याउनु पर्ने हुन्छ । यसो हुन सकेमा आर्थिक स्थितिमा पनि सुधार ल्याउन सकिन्छ । अहिले विश्व नै "सबैको लागि शिक्षा" भन्ने गहन कार्यमा लागेका छन् । अर्धविकसित, विकासोन्मुख र विकसित देशहरुले आफ्नो क्षेत्रबाट गर्नुपर्ने सहयोगहरुलाई विभिन्न विश्व सम्मेलनहरुबाट पारित गराएका छन् । सबै क्षेत्रको विकासको मुलद्वार नै शिक्षा होउ भन्ने कुरा सबैले बुझेका पनि छन् । यसको लागि विभिन्न समयमा शिक्षा विकास सम्बन्धी भए गरेका कार्यहरुको बारेमा केही जानकारी राख्न उचित हुनेछ ।

जोशी (२०६३) का अनुसार एउटा पुरुषलाई शिक्षा दिँदा एक व्यक्ति मात्र शिक्षित हुन्छ, तर एक महिलालाई दिँदा परा परिवार नै शिक्षित हुन्छ भन्ने कुरामा धेरै जसो शिक्षाविद्धहरुले प्रष्ट धारणा व्यक्त गरिसकेका हुनाले जोशी (२०६३) का अनुसार नेपालको शैक्षिक इतिहास केलाउँदा बुद्ध धर्ममा  जस्तो हिन्दू धर्ममा महिलाहरुलाई शिक्षा दिने संस्थाहरु पर्याप्त नभए तापनि गार्गी, मेत्रेयी, सीता जस्ता हिन्दू नारीहरुले शिक्षा आर्जन गरी धार्मिक शिक्षाको प्रचार प्रसार गरेको कुरा हिन्दू धर्मशास्त्रहरुमा उल्लेख भएको  पाइन्छ । यसैगरी बुद्धधर्ममा भृकुटीको नाम लिन सकिन्छ । यसरी सीमित हिन्दू नारीहरु शिक्षाका चम्किला ताराको रुपमा देखापरे तापनि अधिकांश  हिन्दू खास गरी नेपाली नारीहरु पुरुष प्रधान देश भएकोले  उनीहरुबाट नियन्त्रित दमन र शोषित हुँदै आएका  छन् । नेपाली महिलाहरु पुरुषहरुको सेवकको रुपमा दिन बिताउँदै आएका छन् । खासगरी जनजाती  महिलाहरु अनपढ र चेतनाको अभाव भएकै कारण पूर्ण रुपमा पुरुषमाथि निर्भर भएको हुन्छ जसको फलस्वरुप आफ्नो हक र अधिकार के हो भन्ने समेत थाहा हुँदैन । उनीहरु घरायसी काम धन्दामा दिन बिताउँछन् । यो अवस्थाबाट मुक्ति पाउन महिलाहरु आफै अन्य संगठनहरुले लामो समयदेखि प्रयत्न गर्दै आएका छन् ।

हाम्रो ग्रामीण जनजीवनको आधार विचारलाई गहिरिएर अध्ययन गर्दा हामी के पाउँछौं कि नेपालीहरुको व्यवहार सूचना/जानकारी आदानप्रदान गर्ने तरिका, मौखिक साक्षरता अभ्यास  आदि आश्चर्यमा पर्ने किसिमको देखिन्छ । सही रुपमा भन्ने हो भने कुनै पनि समुदायमा हाम्रो साक्षरताका विभिन्न स्वरुप/अभ्यासहरुको प्रयोग भएको पाउँछौं । एउटा निरक्षर पसलेले हामीले किनेको वा खाएको कुराहरुको सही जोड निकाल्दछ । हामीलाई थाहा छ अहिले पनि पहाडी भेगतिर "बीस" को अभ्यास जीवन्त नै छ । तराईतिरका ग्रामीण निरक्षर महिला तथा पुरुषहरुले आफ्नो दैनिक जीवनमा आवश्यक पर्ने हिसाव, गन्ती,

रुपैंया, पैसा आदिको जोड, घटाउ, गणन भाग गर्नका लागि आफ्नै किसिमको (रैथान) विधि विकास गरेका छन् । जसले हजारौं अङ्कको हिसावको काम विना क्याल्कुलेटरको मद्धतले गर्दछन् (सिन्हा, २०६४: १) ।

के.सी. (२०६३ : १२) का अनुसार साक्षरता कार्यक्रमले सहभागीहरुको पढाई, लेखाइ, गणितीय तथा कार्यमूलक ज्ञान सीपमा उल्लेखनीय परिवर्तन ल्याई जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य राखेको हुन्छ । यसका लागि सहभागीहरुको रुचिस्तर तथा आवश्यकता बुझ्ने सहयोगी कार्यकर्ताको व्यवस्था गरिन्छ भने त्यस अनुरुपको सुहाउँदो साक्षरता सामग्रीको पनि व्यवस्था हुनुपर्दछ । सबै किसिमको साक्षरता कार्यक्रममा सहभागीको रुची र स्तर अनुसारको सामग्रीको महत्वपूर्ण भूमिका छ । सामग्रीहरु जति प्रभावकारी हुन्छन् त्यती नै सिकारुहरु सिकाईप्रति सक्रिय हुन्छन् । त्यसैले उपयुक्त सिकाई सामग्रीको छनौट वा निर्माणमा सम्बन्धित सबैको ध्यान जानुपर्छ । सहभागीहरुको सिकाई आवश्यकता, उनीहरुको रुची, उनीहरुको स्तरसँग मेल खाने खालको सामग्री हुने हो भने साक्षरता कक्षाले निर्दिष्ट गरेको उद्देश्य पूरा हुन्छ । त्यस्ता सामग्रीहरुमध्ये कुनै सहभागीले प्रयोग गर्ने हुन्छन् त कुनै सहयोगीले प्रयोग गर्दछन् ।

साक्षरता २१औं शताब्दिको सबैभन्दा ठूलो चुनौति विश्वव्यापी रुपमा देखिएका छन् । साक्षरता नै कुनै पनि देश विकासको मेरुदण्ड हो । १९८५ को तथ्याङ्क अनुसार विश्वमा १५ वर्षभन्दा मुनिको लगभग ९६५ करोड जनसंख्या निरक्षर छन् (अर्याल, १९९६ : १५) । नेपाल बहु जातिय मुलुक हो । दलित ,जनजाति का समाजिक समस्याहरु समाधान हुनुका सट्टा  बढदै गएका छन । यि समस्याहरु समाधान का उपाय का रुपमा शिक्षा नै हो । देशको आधा  भन्दा बढि जनसंख्यामा रहेका महिलाहरुको साक्षता अभिबृधि गरे मात्र पनि समाजको बिकास अगाडि बढाउन सकिन्छ भने मान्यता का साथ दनुवार समुदायका महिलाहरुका निम्ति संचालित साक्षरता र्कायकम लाइ लक्षित गदै यो अधयन अगाडि सारिएको हो ।

## १.२ समस्याको कथन

उदयपुर जिल्लामा पर्ने गा.वि.स. रिस्कु अन्तर्गत संचालित साक्षरता कार्यक्रममा महिलाहरुको सहभागिता उक अध्ययनले उदयपुर जिल्लामा पर्ने गा.वि.स. रिस्कु–१र ३ का साक्षरता कार्यक्रमहरुमा महिलाहरुको केकस्तो संलग्नता रहेका छन र नियमितता तथा अनियमितता कस्तो रहेको छ, समस्याहरु केके रहेका छन् जस्ता विभिन्न प्रश्नहरुको उत्तर खोजियो ।

सन् १९९० को अप्रिलमा सिनेगलको डकारमा सम्पन्न सम्मेलनले **सबैका लागी शिक्षा** भन्ने मूल उद्घोष पारित गऱ्यो । उक्त उद्घोषलाई नेपालले पनि उद्घोष गरेको छ र पनि अझै नेपालका कुना कप्चामा बालबालिकाहरु शिक्षाको अवसरबाट पछाडि परेका छन् । त्यसमा दलित, पिछडिएका वर्ग जनजाति र सुकुम्बासीका बालबालिकाहरु पर्दछन् । यो अध्ययन जनजाति समुदाय भित्रपर्ने दनुवार जातिमा केन्द्रि रहनेछ । जुन जातिका महिलाहरुको वा समग्र शैक्षिक स्तर के कस्तो रहेको छ भन्ने बारेमा कही कतैबाट

अध्ययन अनुसन्धान भएको नपाइएकोले दनुवार जातिका महिलाहरुको शैक्षिक अवस्था पता लगाउने उद्देश्यले यस विषयलाई समस्याको रुपमा लिइएको थियो ।

साक्षरता कार्यक्रमले सहभागीहरुको पढाई, लेखाई, गणितीय तथा कार्यमूलक ज्ञान सीपमा उल्लेखनीय परिवर्तन ल्याई जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य राखेको हुन्छ । यसको लागि सहभागीहरुको रुचिस्तर तथा आवश्यकता बुझ्ने सहयोगी कार्यकर्ताको व्यवस्था गरिन्छ भने त्यसै अनुरुपको सुहाउँदो साक्षरता सामग्रीको पनि व्यवस्था सम्बन्धी खोज वा सुधार गरियो ।

महिला साक्षरता कार्यक्रममा सहभागीको रुचि र स्तर अनुसारको सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ । सामग्रीहरु जति प्रभावकारी हुन्छन् , त्यति नै सिकारुहरु सिकाइप्रति सक्रिय हुन्छन् । त्यसैले उपयुक्त सिकाई सामग्रीको छनौट वा निर्माणमा सम्बन्धित सबैको ध्यान जानुपर्दछ । सहभागीहरुको सिकाई आवश्यकता उनीहरुको रुचि, उनीहरुको स्तरसँग मेल खाने खालको सामग्री हुने हो भन्ने साक्षरता कक्षाले निर्दिष्ट गरेको उद्देश्य पूरा हुन्छ । यसरी यो अध्ययन निम्न ओचित्यता पुस्टि गर्न केन्दित रहयो ।

- के यस कार्यकमले महिलाहरुको सहभागितालाई निरन्तता कायम राख्न सकेका छन ?
- के यस कार्यकमले उनिहरुका पेशागत गुण बिकास गराउन प्रयास छन?
- यस कार्यकमले वातावरण संरक्षण प्रति कस्तो सोच बिकास गराएका छन?
- के यस कार्यकमले महिलाहरुको परम्परागत सोचाइमा परिर्वतन ल्याएका छन ?
- साक्षरता कार्यकममा सहभागि महिलाहरुमा अन्य महिला भन्दा फरकपना ल्याएका छन ?
- के यस कार्यकमले लैङ्गिक बिभेदिकरण सम्बन्धि चेतना अभिबृधि गरेका छन ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य साक्षरता कार्यक्रममा महिलाहरुको सहभागिताको वर्तमान स्थिति पत्ता लगाउनु रहे तापनि विशिष्ट रुपमा यस अध्ययनको उद्देश्यहरु निम्न अनुसार तर्जुमा गरियो ।

- साक्षरता कार्यक्रममा दनुवार महिला सहभागिताको वर्तमान स्थिति पत्ता लगाउने ।
- महिला साक्षरता कार्यक्रमले दनुवार महिलाहरुमा पारेको सकारात्मक प्रभावहरु अध्ययन गर्नु ।
- साक्षरता कार्यक्रममा सहभागी हुन दनुवार महिलाहरुको समस्या एवं चुनौती पत्ता लगाउने ।

o समस्या र चुनौतीको न्यूनीकरणका लागि सुझावहरु पत्ता लगाउने ।

## १.४ अध्ययनको औचित्य

अध्ययनको औचित्यता सम्बन्धी भन्नुपर्दा अहिलेको विज्ञान तथा प्रविधिको युगमा एकदमै महत्वपूर्ण देखिन्छन् । अहिले प्रविधिको मद्दतले संसारलाई एकदमै सानो बनाएका छ । अहिले आएर विश्वभरका मानिसहरु कुनै पनि स्थान, व्यक्ति र संस्कृति र अरु पक्षहरुको सम्बन्धमा जानकारी हासिल गर्न सक्षम भएका छन् । मानव अधिकारवादीहरुको विचारमा अहिले उपलब्ध भएका प्रविधिहरुको मद्दतले केही व्यक्तिहरु धेरै व्यक्तिहरुसँग सम्बन्ध विकाससिल देशहरुमा विस्तार गरिरहेका छन् । त्यो सबैको लागि बराबरी उपलब्धिको रुपमा देखा परेको छ ।

अहिले उपलब्धि भएका सूचना तथा संचार माध्यमबाट जस्तै टि.भि., रेडियो, इन्टरनेट, इमेलबाट बढीभन्दा बढी ज्ञान प्राप्त गर्न र नयाँ नयाँ कुरासम्म पुग्न सफल भएको देखिन्छ । यी विभिन्न सूचना र जानकारीबारे कारण विविध समुदायका व्यक्तिहरु समुदायमा एकसाथ मिलेर काम गर्न सक्षम भएको देखिन्छन् ।

साक्षर भएपछि व्यक्ति पत्रपत्रिका समिप सजिलै पुगेर विभिन्न नयाँ नयाँ कुरा थाहा पाएर आफ्नो जीवनस्तरमा सुधार ल्याएको देखिन्छ । त्यसैले अहिलेको समयमा मानिसको जीवनस्तर सम्बन्धित विभिन्न अध्ययन अनुसन्धानको निकै नै महत्व देखिन्छ र त्यो आवश्यक पनि देखिन्छ ।

## १.५ अध्ययनका सिमाहरु

यो अध्ययन उदयपुर जिल्ला अन्तर्गत रिस्कु गा.वि.स का दनुवार महिलाहरुको शैक्षिक अवस्थामा अनुसन्धान थालिएको हो । सिमित स्रोतसाधन का कारण यो अध्ययन देशभरीमा वसोवास गर्ने सवै ठाउँको दनुवार महिलाहरुको शैक्षिक पक्षलाई नसमेटन सक्छ तर उपयोगी भने हुनसक्छ ।

# अध्याय दुई

## २.१ सैद्धान्तिक ढाँचा

मानविय समाजलाई गहन तथा सूक्ष्म तरिकाबाट बुझ्नको लागि वेला वेलामा विभिन्न सैद्धान्तिक ढाँचाहरुको प्रयोग गरिन्छ । मानव इतिहासको भिन्ना भिन्नै कालखण्डमा समाज र संस्कृतिलाई बुझ्ने विशिष्ट प्रकृति भएका ढाँचाहरु विशिष्ट कालखण्डमा समाज र संस्कृतिलाई बुझ्ने विशिष्ट प्रकृति भएका ढाँचाहरु विकसित भएका छन् । ती ढाँचाहरु केवल समाजको अध्ययनमा केन्द्रित छ । विभिन्न दृष्टिकोणका बाबजुद समाजीक परम्पराका खास खास ऐतिहासिक कालखण्डमाा विकसित भएका संरचनात्मक प्रकार्यवाद, मार्क्सवाद, विश्वव्यवस्था, घटनाशास्त्रीय आदि ढाँचाहरुले समाजका विभिन्न पाटाहरुमा आफ्नो ध्यान केन्द्रित गरे । जसमा समाजको एकताका लागि यसका अंगहरुको भूमिका, समाजमा रहने द्वन्द्व, सामाजिक अन्तक्रिया, शोषण र शोषित सम्बन्धी आदि कुराहरुमा यिनीहरुको ध्यान केन्द्रित भएको पाइन्छ । समाजका विभिन्न ढाँचाहरु पूर्वाग्रही रुपमा संसारमा आधा भाग ओगटेर रहेका महिलाहरुको भूमिकामा मौन रहेको छ । महिलाहरुलाई मानिस भएर पनि मानविय व्यवहारबाट वंचित गराइयो । सामाजिक सिद्धान्तहरुको प्रकृति विशेष गरेर पुरुषमुखी हुन पुग्यो । शुरु शुरुका समाजशास्त्रीय मानवशास्त्रीहरुमा पुरुष वर्चस्व रहनाले समाज र संस्कृतिको चर्चा गर्दा पुरुषवादी दृष्टिकोणबाट गर्न थाले ।

खासगरी यस अनुसन्धानमा समाजको महिलाहरुको सामाजिक, आर्थिक, राजनैतिक पक्षमा खोजतलास गरिरहदा यस दनुवार जातको मानिसहरुमा समेत महिला पुरुषमा भेदभाव रहेको पाइन्छ । पुरुषहरु घरबाहिरको काममा जाने तर महिलालाई घरमा सिमित राख्ने शिक्षाबाट तथा बाहिरी सम्पर्कबाट वञ्चित महिलाको अवस्था दयनिय भएकोले खासमा वर्तमानमा महिलाको अवस्था चेतना अनि विभिन्न संघ संस्थाको कारणले गर्दा केही उठन थालेकोले यसभित्र रहेको लैङ्गिक विभेदका मुताविक यो लैङ्गिक सैद्धान्तिक ढाँचालाई अगाडि सारिएको छ ।

अनुसन्धानलाई अगाडि बढाउँदा यसमा मात्रात्मक पक्षहरु प्रतिव्यक्ति आय, जीवन प्रत्यासा जस्ता अवस्थालाई उजागर गर्दा गुणात्मक पक्षहरु शिक्षा स्वास्थ्यको अवस्थालाई समेत मध्यनजर राख्दै अनुसन्धान अगाडि बढाइयो ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयवस्तुको अनुसन्धान वा खोज गर्नुभन्दा पहिले त्यससँग सम्बन्धित के कस्ता अध्ययन अनुसन्धान भएका छन भनी खोज गर्नुपर्ने हुन्छ । त्यसलाई नै पूर्व साहित्यको समिक्षा भनिन्छ । यहाँ अध्ययन

गर्न लागिएको विषयवस्तुसँग सम्बन्धित केही अध्ययन अनुसन्धानहरु भएका छन तर पनि यसै विषयको वा विद्यालय शिक्षामा दनुवार विद्यार्थीहरुको शैक्षिक अवस्था सम्बन्धी वास्तविकता बाहिर आउन नसकिरहेको अवस्थामा यो अध्ययन गर्न लागिएको हो । अहिलेसम्म यस विषयवस्तुसँग ठ्याक्कै मेल खाने गरी अध्ययन अनुसन्धानहरु भएका छैनन तर पनि दनुवार जाति र उनीहरुको शैक्षिक अवस्था एवं दृष्टिकोणलाई सन्दर्भ साहित्यको पुनरावलोकनको रुपमा प्रस्तुत गरिएको छ ।

## २.१ दनुवार जाति सम्बन्धी साहित्य

शर्मा (२०५२) , होचा उपत्यका र दुनहरुमा बसोवास गर्ने हुनाले “दुनुवार” वा दनुवार नामाकरण भएको हो भनिने यो जाति चौधौ शताब्दीको सिमरौनगढ राज्यबाट विभिन्न ठाउँमा फैलिएको हो भन्ने अड्कल गरिन्छ ।

योगी (२०४९) , दनुवारहरुको मूल थलो भारतको मध्ये प्रदेश हो । दनुवारहरु खेती र अन्य पेशामा भन्दा खोलाको माछा शिकार गर्ने र केही कतै डुँगा चलाउने काममा बढी ध्यान दिदै आएका छन तर केही मधेशी कछाडदेखि खोलैखोला निकैमाथि झण्डै ४००० मिटरको उचाइका डोलसम्म पुगेर बस्ती बसाएका छन् ।

विष्ट (२०५४) , दनुवारहरुको स्वभाव ज्यादै सरल सोझो मिजासको देखिन्छ । यिनीहरु बाहिरी संसारदेखि अनभिज्ञ नै देखिन्छन् अर्थात उनीहरु आफ्ना दनुवारी समाज बाहेक अन्य कुराको उति चासो राख्दैनन् । घर छोडेर टाढा जाने यिनीहरुको बानी नै हुँदैन ।

पोखरेल (२०६०) , नेपालमा आदिकालदेखि नै बसोवास गर्दै आएका अल्पसंख्यक दनुवार जातिको नामाकरण सम्बन्धमा व्याख्या गर्दा कुनै बेला दनुवार राजालाई छिमेकी राज्यका राजाले भोज खान बोलाएछन् । दनुवार राजाले पनि आफ्नो जातिय रितिरिवाज अनुसार एउटा दुनामा मर्चा राखी भोज खान गएछन् । खाने परिवारसँगै दुनामा मर्चा राखेको देखि भोज खान बोलाउने राजाले यी त राजा भए पनि दुवालाल पो रहेछन् । अबदेखि सबैले यिनलाई दुवालाल भन्नु भनी नामाकरण गरिदिएछन । पछि यही दुनावाल शब्द अपभ्रंस भई दनुवार बन्न बुगेको हो ।

पौडेल (२०६०) , एक किम्बदन्ती अनुसार कुनै पनि समयमा एक गरिब परिवारले सन्तान प्राप्तिका लागि तपस्या गरेछन् । तपस्या सफल भएपछि केही वर्षको फरकमा दुईवटा छोरा जन्मेछन् । जेठालाई थालमा र कान्छालाई थालको अभावमा दुनामा भात खान दिएछन् । ठूलो भएपछि थालको निहुमा दाजुभाइको झगडा सुरु भयो । बाबुले पनि कलह शान्त पार्नको लागि थालमा भात खानेलाई थारु र दुनामा भात खानेलाई दनुवारको जात विभाजन गरी छुट्याई दिएछन् ।

राष्ट्रिय योजना आयोग (२०६०), आदिवासी तथा जनजाति समुदायले आफू मूलधारबाट अलग भएको महशुस गर्नुका साथै राज्यले विकासको प्रयासभन्दा पर रहेको अनुभव गर्नुका साथै स्वाभिमानका साथ साझेदारी रुपमा सहभागी हुन पाएका हुँदैनन् । मुलुकको समानुपातिक एवं सन्तुलित विकासका साथै शैक्षिक क्षेत्रमा अन्य जातिले जस्तै योगदान गरेको अनुभव गर्न सकेका छैनन् ।

उक्याव र अधिकारी (२००४), कृषि पेशा मुख्य भएका दनुवार जाति थारु र धिमाल जनजाति समूहसँग मिल्न आउँछन् । कृषिलाई नै आफ्नो जीविकोपार्जनको मुख्य आधार मान्ने दनुवारहरु पढेर के हुन्छ र भन्ने मान्यताले ग्रसित छन् । जसका कारण उक्त जातिका शैक्षिक स्थिति अन्य जातिको तुलनामा निकै पछाडि रहेको छ ।

आचार्य (१९९९), दनुवार जातिको स्वास्थ्य स्थिति, समस्या समेत तिनीहरुको सामाजिक, आर्थिक अवस्थाबाट प्रभावित भएको पाइन्छ । यिनीहरु आफ्नो स्वास्थ्य उपचार आफ्नै परम्परागत रुपमा गर्ने गर्दछन् । स्वास्थ्य उपचारको लागि जडिबुटी प्रयोग,अल्पहार प्रक्रिया र निराहर जस्ता प्रक्रिया अपनाउँछन् । जसको मुख्य कारण शैक्षिक स्थिति पछाडि हुनु नै हो ।

शर्मा (२०५२), कमजोर आर्थिक र शैक्षिक स्थिति रहेको दनुवार जातिमा बाल विवाह, बहुविवाह र अनमेल विवाह बढी हुने गर्दछ । छोरी जाति अर्काको घरमा जाने जात पढाएर के काम भन्ने अति साधुरो सोचाई राख्ने यिनीहरु छोरीकी रजस्वला हुनुभन्दा पहिले नै विवाह गरिदिनुपर्छ भन्ने मान्यता राख्छन् । रजस्वला पछि विवाद गरिदिनु पाप हो भन्ने प्रचलन दनुवार जातिमा रहेको छ । जसका कारण पनि यो जाति शैक्षिक रुपमा अगाडि बढ्न नसकेको हो ।

दहाल (२०५८), दनुवारहरु विहान सबेरै उठ्नु र अबेर सुन्नुले ज्यादै परिश्रमी देखिन्छन् । त्यसमा पनि महिलाहरु त बढी नै काम गर्छन् । यिनीहरुमा इमान्दारीको मात्रा प्रचुर रुपमा पाइन्छ । बेइमानीका लक्षण त छँदै छैन भनिदिए पनि हुन्छ । मुद्दा त अक्षर पढेकोले गर्छ हामीलाई लडाउँछ भन्छन् उनीहरु । पढाइ प्रतिको यतिसम्म ज्ञान हुँदाहुँदै पनि पढ्नपर्छ भन्ने धारणा भने उनीहरुमा नरहेको देखिन्छ । अरु कुनै कुराबाट नडराउने भए पनि अड्डा अदालत, पढेको मान्छे र साहुबाट भने डराउने गर्छन् ।

खत्री (२०५९), दनुवार समुदायको प्रमुख पेशा कृषि हो । नेपालमा नै कृषि क्षेत्रका आधुनिक कृषि प्रविधि प्रयोग नगरिएको अवस्थामा एउटा पिछडिएको आदिवासी दनुवार समुदायमा झन प्रयोग हुने त कुनै आएन । उन्नत प्रविधि प्रयोग नगरे उत्पादन राम्रो नुहने हुँदा आर्थिक अवस्था कमजोर रहेको देखिन्छ । उनीहरुको दैनिक दिनचर्या पुरुष दनुवारहरु खेतमा काम गर्ने हुँदा महिलाहरु खाना पकाउने घरधन्दा गर्ने,घर सफाई गर्ने, केटाकेटीको हेरचाह गर्ने, वस्तु भाउलाई घाँसपानी दिने, हाँस कुखुराको रेखदेख गर्ने तथा फुर्सदको समयमा बाँसको चोयाको सामान बुन्ने गर्दछन् भने बालबालिकाहरु दिनभर खेलेर बस्ने, जालि बोकेर खोलामा माछा मार्न जाने आदि कार्य गरेर समय बिताउँछन् । पढाई लेखाईको काममा दनुवार

जातिका कसैले पनि सयम दिने त के सोच्ने सम्म पनि गर्दैनन जसका कारण उनीहरुको शैक्षिक स्तरपनि अति निम्न स्तरको छ ।

दहाल (२०५८), शैक्षिक चेतनास्तर कम भएका दनुवार जातिको बोली बचनमा प्रायः तिनी प्रयोग गरिन्छ । यिनीहरुमा धुम्रपान, मध्यपान परिवारका सबै सदस्य वरिपरि बसेर गर्ने चलन छ । विद्यालय गएका बालबालिकाहरु पनि शिक्षक शिक्षिकालाई तिनी वा तिमी भनी सम्बोधन गर्छन् । यसबाट के झल्किन्छ भने दनुवार जातिमा मान सम्मानको वातावरण एक झिनो रुपमा रहेको हुन्छ । विद्यालय गएका बालबालिकाहरुलाई पनि वा पढन इच्छा राख्ने बालबालिकाहरुलाई पनि घरमा पढने वातावरण दिइदैन । जसले गर्दा विद्यालय गएकाहरुमा पनि विद्यालय छाडने प्रवृति धेरै हुन्छ ।

सेरिड (2003), हाम्रो देशको परिप्रेक्ष्यमा दनुवार जातिका बालबालिकालाई पनि सुविधिाविहिन रुपमा लिने गरिएको छ । सुविधाविहिन बालबालिकाको लागि शिक्षा कार्यक्रम गरेतापनि यो समुदायका बालबालिकालाई त्यस कार्यक्रमले खासै छुन नसकेको देखिन्छ ।

लम्साल (२०६६), गरिब परिवारको पहिलो प्राथमिकता आफ्ना बालबालिकालाई विद्यालय पढाउने भन्दा पनि आर्थिक क्रियाकलापमा संलग्न गराउने हुन्छ । यो उनीहरुको बाध्यता पनि हो । जीविकोपार्जनका लागि परिवारका प्रत्येक सदस्यले केही न केही गर्नुपर्ने कारणले गर्दा पनि बालबालिकाहरुले आफ्ना अभिभावकहरुलाई कुनै न कुनै किसिमको आर्थिक क्रियाकलापमा सहयोग पुऱ्याउनु पर्ने हुन्छ । उमेर पुगेका बालबालिकाहरु अभिभावकसँग काममा जान्छन भने कम उमेरका बालबालिकाहरु घरमा भाई बहिनी हेर्ने वा अन्य यस्तै किसिमका स-साना काममा संलगन भएका हुन्छन् । यस्ता बालबालिकाहरु विद्यालय जानु भनेको हाल उनीहरुले गरिआएको काम या त अभिभावक आफैले गर्न थप परिश्रम गर्नु हो या त्यो काम गर्नका लागि अन्य व्यक्ति खोज्नु यो या सो काम समयमा सम्पन्न हुन नसक्नु हो । यसरी काममा रहेका अर्थात केही कमाउने बालबालिकाहरुलाई विद्यालय पठाउनु भनेको कमजोर आयश्रोत भएका परिवारमा थप आर्थिक दायित्व सिर्जना गर्नु हो । यसरी आर्थिक अवस्था कमजोर भएका परिवारको शैक्षिक अवस्था पनि कमजोर रहेको छ ।

समग्रमा हेर्दा दनुवार जातिका शैक्षिक अवस्था परापूर्व कालदेखिको संस्कृति, परम्परा र पेशागत कारणले कमजोर रहेको देखिन्छ तर अझै पनि त्यही कार्यले निरन्तरता पाइरहेकाले दनुवार जातिका शैक्षिक अवस्था माथि उठ्न सकेको छैन । जुन विडम्बनापूर्ण कुरा हो । के छ त दनुवार जातिको आधारभूत शिक्षाको अवस्था, अझै पनि खोजकै विषयको रुपमा रहेको छ । त्यसकारण यस अध्ययनले दनुवार जातिको प्राथमिक तहको शैक्षिक अवस्था कस्तो छ के समस्या भोग्नुपरेको छ पता लगाई दनुवार जातिको शैक्षिक अवस्थाको वारे अध्ययनमा एउटा इट्टा थपी सहयोग पुऱ्याउनेछ ।

अर्याल, (२०३४) को शोधपत्रमा अनौपचारिक अनुसन्धानमूलक शिक्षा र विकास सम्बन्धी विभिन्न नयाँ नयाँ कुराहरु प्राप्त गरिनेछ ।

महतो, (२०४६) ले विभिन्न किसिमको जातिहरुको तथ्याङ्क सम्बन्धी विस्तृत रुपमा अध्ययन गर्न सकिन्छ। साथै नेपालबाट बसोबास गर्दै आएका दनुवार जातिको हरकेपक्षको संख्यात्मक विवरण पनि प्राप्त गर्न सकिन्छ।

तुलाधर, सुमन (२०४६), को अनुसार साक्षरता सम्बन्धित विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय शोध र विचारहरुको साथसाथै साक्षरतासम्बन्धी विभिन्न कुराहरु प्राप्त गर्न सकिन्छ।

दनुवार,नथुनी (२०६१), ले आदिवासी दनुवार भन्ने पुस्तकम दनुवार ा जातिको उत्पत्ति, त्यस जातका महिला र पुरुष बीचको भेदभाव, जातिको दनुवार शैक्षिक, आर्थिक, राजनैतिक र सांस्कृतिक अवस्था, भाषा, जन्म, विवाह तथा मूल्य सम्बन्धी केही संक्षेपमा प्रस्तुत गरिएको छ।

काफ्ले बासुदेव, श्रेष्ठ, चन्द्रबहादुर र सिन्हा रामस्वरुप (२०५८), शैक्षिक प्रशासन र सुपरीवेक्षणमा विभिन्न किसिमका कार्यक्रम संचालन गर्ने तरिका योजना व्यवस्थापन र प्रशासनिक कुराहरु भेटिनेछन् ।

साक्षरता विशेषाङ्क (२०६३) अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित यस विशेषाङ्कमा साक्षरता सम्बन्धी विविध लेखहरु जस्तै साक्षरता सामग्री निर्माण प्रक्रिया भोला के.सी., साक्षरता कार्यक्रमका नीति, कार्यक्रमहरु : मुक्तिप्रसाद ज्ञवाली, साक्षरता कार्यक्रमको प्रमुख समस्याहरु विगतदेखि वर्तमानसम्म एक अध्ययन रामप्रसाद पाण्डे, साक्षरताका सन्दर्भमा उब्जेका सवालहरु माधवप्रसाद दाहाल, साक्षरताको लागि अनौपचारिक शिक्षा देविना प्रधानाङ्ग आदि विभिन्न लेख रचनाहरुबाट साक्षरता सम्बन्धी नयाँ नयाँ कुराहरु प्राप्त गर्न सकिन्छ।

साक्षरता विशेषाङ्क (२०६४) अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुरद्वारा प्रकाशित यस विशेषाङ्कमा साक्षरतासम्बन्धी विभिन्न लेखहरु दिइएको छ । जस्तै : एक्काइसौँ शताब्दीको साक्षरता-रामस्वरुप सिन्हा, साक्षरताको अन्तर्राष्ट्रिय अवधारणा र नेपाल-रामरमण हुमागाइँ, साक्षरता र मन्त्री - दत्तात्रय दहाल, हामी साक्षर बनौँ सोभितराम विष्ट आदिबाट विभिन्न किसिमको शोधपत्रको सम्बन्धमा लेखन कार्य गर्न मद्दत गर्नेछन्।

# अध्याय– तीन (Unit - Three)

## ३. अध्ययन विधि (Research Methodology)

### ३.१ अध्ययन अनुसन्धान ढाँचा

यस अध्ययन कार्यमा अधिकांश रुपले वर्णात्मक विधिको प्रयोग गरिएको भए तापनि तथ्याङ्क संकलन विश्लेषण तथा प्रस्तुतिको क्रममा संख्यात्मक रुपमा टेवल, चार्ट प्रयोग गरिने परिणात्मक विधि आंशिक रुपमा प्रयोग गरिएकोले यो अध्ययन मिश्रित अनुसन्धान विधि अर्थात परिमाणात्मक र गुणात्मकको संयुक्त स्वरुप प्रयोग गरियो ।

### ३.२ जनसंख्या र नमूना छनौट

(क) यस अध्ययन कार्यका लागि उदयपुर जिल्लाको कुल जनसंख्या मध्ये गा.वि.स. रिस्कु वडा नं. १, ३ ,र ४ मा स्थायी बसोबास गर्ने साक्षरता कार्यक्रममा सहभागी दनुवार जातिका महिलाहरुलाई छानियो ।

(ख) यि वडाहरुका साक्षरता कार्यक्रममा सहभागि जम्मा महिलाहरु मध्ये १५% Sampling का रुपमा छनौट गरियो ।

(ग) यस अध्ययनका लागि कम्तिमा ५ वटा स्रोत व्यक्ति (निरीक्षक) सँग प्रश्नावलीको माध्यमबाट जानकारी प्राप्त गरियो ।

(घ) यस अध्ययनका लागि कम्तिमा २ वटा NGO/INGO सँग सम्पर्क गरी अध्ययन सम्बन्धी जानकारीहरु प्राप्त गरियो ।

### ३.३ तथ्याङ्क संकलन उपकरण (Data Collection Tools)

अध्ययन कार्यको लागि निम्न उपकरणहरु प्रयोग गरियो ।

(क) **सर्वेक्षण**

अध्ययनकर्ताले अध्ययन क्षेत्रमा बसोबास गर्ने दनुवार  समुदायका महिलाहरु (१५-४५) वर्ष उमेर समुहमा पर्दछन् । ति महिलाहरु कति प्रतिशत साक्षरता कार्यक्रममा सहभागी भएका छन् भन्ने सहभागी संख्या र सम्बन्धित कार्यक्रममा सहभागीता सम्बन्धी जानकारी भएको विवरण संकलन गरियो ।

(ख) **अवलोकन**

अध्ययनकर्ताले अध्ययनको क्रममा साक्षरता कार्यक्रममा सहभागीहरुको अवलोकन गरियो । अवलोकनको क्रममा सहभागीहरु मध्ये अन्तर्वार्ताका लागि छनोट गरिएका कार्यक्रमका सहभागीहरुमा केन्द्रित भई उनीहरुको बानी व्यवहार, लेखपढ गर्ने सीप, गणितिय सीप, सरसफाई सम्बन्धी बानीहरु, पेशा, व्यवसाय जस्ता पक्षमा केन्द्रीत भई तथ्याङ्क संकलन गरियो । आवश्यकता अनुसार त्यस कार्यक्रममा सहभागिहरुको अवलोकन उनीहरुको घरपरिवारमा गई उनीहरुलाई थाहा नदिई जानकारी प्राप्त गरियो ।

(ग) **अन्तर्वार्ता**

अध्ययनकर्ताले अध्ययनको लागि माथिका परिष्टि १,२,३ र ४ बमोजिम प्रश्नावलि प्रयोग गरि सहयोगि कार्यकता, सहभागि महिला र स्रोत व्यक्ति  संग अध्ययन उपकरणहरु प्रयोग गरेर  अन्तर्वार्ता प्राप्त गरियो ।

(घ) **समूह छलफल**

माथिको अध्ययन पुरा गर्नको लागि विभिन्न समूहहरुबीच दनुवार महिलाहरुको साक्षरता कार्यक्रममा सहभागि सम्बन्धि छलफल गरी अध्ययनसँग सम्बन्धित विभिन्न खालका कुराहरु पत्ता लगाई जानकारी प्राप्त गरियो ।

**३.४ तथ्याङ्कका श्रोतहरु**

यस अध्ययनका लागी अध्ययनकर्ताले दुवै प्राथमिक तथा माध्यमिक/स्रोतहरु प्रयोग गरीयो ।

### क) तथ्याङ्कका प्राथमिक श्रोतहरु

प्राथमिक तथ्याङ्क भनेको सम्बन्धित ठाउँमा गएर सम्बन्धित अध्ययनको लागि सम्बन्धित सिमा दिएका व्यक्तिहरुको संख्या पत्ता लगाई यस शोधकार्य लेखनमा सहयोग हुने तथ्याङ्कनहरु र गा.विस रिस्कु अन्तर्गतका दनुवार  महिलाहरु, श्रोत केन्द्रको श्रोतव्यक्तिसँग सोधिएका प्रश्नावलीबाट प्राप्त सूचना वा जानकारीहरुलाई नै प्राथमिक तथ्याङ्कको रुपमा लिइयो ।

### ख) तथ्याङ्कका सहायक/माध्यमिक श्रोतहरु

यस अध्ययनको उद्देश्यसँग मेल खाने विभिन्न संघ संस्थाहरुले गरेको अध्ययन अनुसन्धान प्रतिवेदन लेख, रचना, बुलेटिन, रचना, राष्ट्रिय जनजाती आयोगले गरेको प्रतिवेदन, राष्ट्रिय जनगणना २०६८ तथा जिल्ला प्रोफाइल, गा.वि.स. प्रोफाइल २०६८ बाट संकलित सूचनाहरु, अनौपचारिक शिक्षा केन्द्र सानोठिमी, भक्तपुरद्वारा प्रकाशित विशेषाङ्कबाट साक्षरता सम्बन्धी विभिन्न तथ्याङ्कहरु जसलाई सहायक श्रोतको रुपमा प्रयोग गरियो ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

विभिन्न प्रश्नावली र फारमहरुबाट सङ्कलित तथा मतलाई संख्यामा गणना गरियो । कतिपय कुराहरु संख्यात्मक र गुणात्मक दुवै प्रकारबाट प्राप्त हुने भएकोले प्रक्रिया पनि दुवै किसिमबाट प्रवेश गरियो ।

(क) महिला प्रौढ सहभागी, जातिगत प्रतिशत, नियमितताको स्थिति, शुरुको सहभागी संख्या, अन्तिम सहभागी, संख्या, व्यावहारिक, सहभागी र सहयोगीलाई परेका व्यक्तिलाई आदि कुराहरु तालिका, चार्ट, प्रतिशत बनाई प्रस्तुत गर्ने प्रयास गरियो ।

(ख) गुणात्मकः अनौपचारिक प्रौढ शिक्षाका कक्षामा महिलाको सहभागिता, नियमितता, कक्षा छाड्ने कारण निराकरणका उपया, व्यवहारिक परिवर्तन आदि कुराको प्रश्नावली निर्माण गरी अन्तर्वार्ता, छलफल र प्रश्नावली भराएर लिइयो । कार्यक्रम सञ्चालन भएको स्थानमा गएर सम्बृद्ध पक्षसँग कुराकानी गरी निकालिएको निचोड गुणात्मक तथ्याङ्कमा राखियो ।

# ४ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

## परिचय

महिला साक्षरता कार्यक्रमले सरोकारवालापक्षहरु शिक्षक विद्यार्थी तथा अभिभावकहरुमा पारेको प्रभाव शिक्षकमा गरिएको अध्ययन अनुसन्धानको लागि उदयपुर जिल्लाको रिस्कु गा.वि.स लाई छनोट गरिएको थियो । यस गा.वि.स मा रहेको १,३ र ४ वटा वडाहरुमा रहेको दनुवार  महिलाहरु प्रशिक्षक, अभिभावक, व्यवस्थापन समितिका मानिसहरुलाई जनसंख्या मानी नमुना छनोटको रुपमा वडा नं १ ,३ र ४ मा संचालित महिला साक्षरता कार्यक्रममा सहभागी  दनुवार  महिलाहरुलाई तथा सहभागि महिलाहरुमध्ये १५% महिलालाई नमुना छनौटको रुपमा लिनुको साथै  २ जना स्रोतव्यक्ति तथा २ जिल्लामा संचालित २ वटा एनजिवो आइएनजीओलाई समेत नमुनाको रुपमा मानिएको थियो । अनुसन्धानलाई अझ वढी विश्वसनिय वनाउन विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग प्रत्यक्ष संवाद गरि विभिन्न जानकारीहरु लिइएको थियो । तथ्याङ्क संकलनका बहुसाधनहरु प्रश्नावली अर्न्तवार्ता प्रत्यक्ष र अप्रत्यक्ष अवलोकन, स्थलगत सर्वेक्षर, डायरी रिपोर्टको प्रयोग गरेर अनुसन्धानलाई विश्वसनिय र यथार्थपरक विश्लेषण गर्ने प्रयास गरिएको छ । अध्ययन अनुसन्धनका क्रममा गरिएको अवलोकन सर्वेक्षण डायरी रिपोर्ट तथा शिक्षक विद्यार्थी अभिभावकहरुसँग प्रश्नावली अर्न्तवार्ताबाट प्राप्त तथ्याङ्क सुचनाहरुलाई संकलन गरि त्यसलाई तालिकामा वदलेर प्रतिशतको आधारमा व्याख्या विश्लेषण गरिएको छ । साक्षरता कार्यक्रमले पारेको प्रभाव सम्वन्धि विषयहरु वढी गुणात्मक प्रकृतिका भएकोले तिनीहरुलाई विवेचनात्मक शैलिमा प्रस्तुत गरिएको छ । अनुसन्धानको क्रममा सरोकार वाला पक्षसँग निकट सम्पर्क कायम गरी सुचनाको वास्तविकता र गहिराइमा पुग्ने प्रयास गरिएको छ । अध्ययन अनुसन्धानमा संलग्न सवैको नाम विवरण अनुसूचीमा राखिएको छ ।

### ४.१  दनुवार महिलाहरुको वर्तमान स्थिती

रिस्कृ  गा.वि.स मा महिला साक्षरता अभियानले दनुवार महिलाहरुको परम्परागत स्तरमा परिवर्तन ल्याई साक्षरता तर्फ उन्मुख भएको वर्तमान स्थिति रहेको छ ।

तालिका १: साक्षरता अभियानमा महिलाहरुको संख्यात्मक सहभागिता

| सि.नं. | केन्द्रको नाम | दनुवार महिला | प्रतिशत | अरु सहभागि महिला. | प्रतिशत | जम्मा महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | गा.वि.स.<br>रिस्कु १ | २२ | ४०.७४ | ३२ | ५९.२६ | ५४ | १०० |
| २ | गा.वि.स.<br>रिस्कु ३ | २४ | ४६.१५ | २८ | ५३.८५ | ५२ | १०० |
| | **जम्मा** | ४६ | ४३.४ | ६० | ५६.६ | १०६ | १०० |

स्रोत: स्थलगत अध्ययन २०७१ ।

यस तालिकामा महिला साक्षरता अभियान अर्न्तगत दनुवार महिलाभन्दा अन्य जातका महिलाहरुमा शिक्षाको विशेषरुपले प्रभाव परेको छ तर दनुवार महिलाहरुमा समेत शैक्षिक चेतनामा वृद्धि आई विगतको भन्दा वर्तमानमा सहभागिता प्रगतितर्फ अघि बढीरहेको पाइन्छ ।

## ४.१.१ साक्षरता कार्यक्रम सञ्चालन भएको दिन र समयको स्थिती

दुवै साक्षरता केन्द्रमा सहयोगी कार्यकर्ताबाट प्राप्त भएको हाजिरी रेकर्ड र प्रश्नावलीबाट प्राप्त भएको तथ्याङ्कलाई विश्लेषण गरि १५० दिनमा बास्तविक कक्षा चलेको दिन र प्रतिशत, प्रतिदिन दुई घण्टा मध्ये बास्तविक पढाई भएको समय र प्रतिशत त्यसमा महिला सहभागिहरुको सलाखाला उपस्थिती दिनलाई केलाई हेर्दा तपशिल बमोजिमको तथ्याङ्क प्राप्त भएको थियो ।

**तालिका २ : साक्षारता कार्यक्रम संचालन भएको दिन र समयको स्थिती**

| सि.न. | के.को नाम | कक्षा चलेको दिन | प्रतिशत | समय.घण्टा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | गा.वि.स. रिस्कु १ | ८८ | ५८.६७ | २ | १०० |
| २ | गा.वि.स. रिस्कृ ३ | ८२ | ५४.६७ | २ | १०० |
| | **औषत जम्मा** | | **५६.६७** | | |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

औषत अनुपातमा चल्नुपर्ने कक्षा विविध कारणवस सुचारु हुन नसकेर जे जति चले त्यसबाट प्राप्त शिक्षा समग्रमा लाभदायक देखिन्छ ।

साधारणतया साक्षरता अभियानले महिलाहरुमा प्रत्यक्ष प्रभाव पारेपनि घरायसी तथा व्यवहारिक कामकाजले गर्दा महिलाहरु कक्षामा समयमा उपस्थित भएको पाइनुका साथै सर्वेक्षण गरिएका सैक्षिक संस्थाका हाजिरी रेकर्ड हेर्दा तल उल्लेखीत अवस्था देखियो ।

**तालिका ३ :साक्षारता कार्यकममा अनियमित हुने दनुवार महिलाको स्थिती**

| सि.न. | केन्द्रको नाम | जम्मा दनुवार महिला | अनियमित हुने संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | गा.वि.स. रिस्कु १ | २२ | ७ | ३१.८२ |
| २ | गा.वि.स. रिस्कु ३ | २४ | ८ | ३३.३३ |
| | जम्मा | ४६ | १५ | ३२.६१ |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

यस गा.वि.स. मा संचालित महिला साक्षरता अभियानले दनुवार महिलाहरुलाई उत्साहित गरेको पाइयो । जहाँ चलाइएका शैक्षिक कार्यक्रमहरुमा दनुवार महिलाहरु वढी मात्रामा नियमित उपस्थीत हुने गरेको तथा अनियमित रुपमा उपस्थित  हुने महिलाहरु थोरै रहेको पाइयो ।

### ४.१.२ प्रौढ कक्षामा नियमित सहभागिता घटी हुनका कारणहरु

प्रोढ कक्षामा पुरुषको सहभागिता सुन्य छ, भने महिलाहरुको अत्यधिक सहभागिता तथ्याङ्कबाट देखिए । जस्मा दनुवार महिलाहरु नियमित रुपमा कक्षामा उपस्थित हुननसकेका कारणहरु निम्न अनुसार देखिए ।

**तालिका ४: नियमित सहभागितामा कमी आउनका कारणहरु**

| सि.नं. | कारणहरु | ४६ जना सहभागि मध्ये | २ जना सहयोगी कार्यकर्ता मध्ये | सबै ४८ जाना मध्ये | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| १ | घरमा काम परेर | २० | ० | २० | ४१.६७ |
| २ | बिरामी परेर | ७ | १ | ८ | १६.६७ |
| ३ | रुचि नभएर | ९ | ० | ९ | १८.७५ |
| ४ | नछुने भएर | ४ | ० | ४ | ८.३३ |
| ५ | बच्चा सानो भएर | ४ | १ | ५ | १०.४२ |
| ६ | सुत्केरी भएर | २ | ० | २ | ४.१७ |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

महिला साक्षरता अभियान संचालित भएतापनि शैक्षिक संस्थामा दनुवार महिलाहरु कति पय सामाजिक वन्देज र घरायसी कारणको बाबजुद इच्छाशक्ति हुदाहुदै पनि अनुपश्थित हुने गरेको पाइयो ।

## ४.१.३ साक्षरता  कार्यकममा सहभागीहरु मध्ये बीचैमा कक्षा छाडनेको स्थिति

साक्षरता कार्यकम सञ्चालन भएको शुरुको दिनमा  धेरै प्रौढहरुले उक्त कक्षामा भर्ना गरि सहभागिता जनाउने  गरेतापनि विविध कारणले बीचैमा कक्षा छाड्नु परेको भेटियो । उदयपुर जिल्लामा पर्ने रिस्कु गा.बि.स.वडा न. १ र ३ मा प्रौढ कक्षाका दनुवार महिला सहभागीहरुको बीचैमा कक्षा छाड्नेको स्थिति

कस्तो छ भने हेर्ने प्रयास गरिएको थियो । यसरी बीचैमा कक्षा छ भने हेर्ने प्रयास गरिएको थियो । यसरी बीचैमा कक्षा छाड्नेको स्थिति निम्न अनुसार देखियो ।

**तालिका ५: साक्षरता कार्यक्रममा दनुवार महिला सहभागिहरुको बीचैमा कक्षा छाड्नेको स्थिति**

| सि.न. | केन्द्रको नाम | सुरुको सहभागी संख्या | प्रतिशत | अन्तिम सहभागी संख्या | प्रतिशत | कक्षा छाड्नेको सख्या | प्रातिशत |
|---|---|---|---|---|---|---|---|
| १ | गा.वि.स. रिस्कु १ | २५ | ४८.०८ | २२ | ८८ | ३ | १२ |
| २ | गा.वि.स. रिस्कु ३ | २७ | ५१.९२ | २४ | ८८.८९ | ३ | ११.११ |
| | **जम्मा** | ५२ | १०० | ४६ | ८८.४६ | ६ | ११.५४ |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

शैक्षिक सस्थाहरुमा स्थलगत अध्ययन गर्दा विभिन्न स्रोतकेन्द्रहरुमा विद्यार्थी सहभागितामा खासगरी साक्षरता अभियानले सन्तोष जनक योगदान पुऱ्याएकोले शैक्षिक सहभागिता उपस्थीति राम्रै देखियो ।

## ४.१.४ बिचैमा कक्षा छाड्ने कारणहरु

यसरी बीचैमा कक्षा छाड्नुको कारणहरु विषयमा स्वयम् सहभागी र सहयोगी कार्यकर्तालाई प्रश्नावली मार्फत सोध्दा निम्न कारणहरु पाइयो ।

**तालिका ६: सहभागीहरुले बिचैमा कक्षा छाड्ने कारणहरु**

| सि. न. | कारणहरु | सहभागि दनुवार महिला मध्य | सहयोगी कार्यकर्ता | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | घरायसी कामको बौझ | ३३ | २ | ३५ | ७२.९२ |
| २. | बिबाह भै जानुपरेकाले | ६ | ० | ६ | १२.५ |
| ३. | केन्द्र टाढा भएकाले | ५ | ० | ५ | १०.४२ |
| ४. | सुत्केरी भएर | २ | ० | २ | ४.१७ |
| जम्मा | | ४६ | २ | ४८ | १०० |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

साक्षरता अभियानमा सहभागि महिलाहरु सामाजिक निति नियममा बाधिएर कम उमेरमा विवाह गर्नुपर्ने वाध्यता घरायसी बोझ, सुत्केरी, शैक्षिक संस्था टाढा हुनु आदिको कारणले महिलाहरु विचैमा कक्षा छोड्ने गरेको पाइयो ।

## ४.१.५ प्रौढ शिक्षा पढ्न प्रेरणा दिने व्यक्तिको स्थिति

महिला साक्षरता अभियानले दनुवार समाजका सकारात्मक प्रभाव पारिरहेको अध्ययनबाट देखाइएको छ साथे प्रौढ कक्षामा महिलाहरुलाई श्रीमान, साथी, सहयोगी कार्यकर्ताहरुले उत्प्रेरीत गरेको कुरा तालिकामा उल्लेखित छ ।

**तालिका ७ : प्रौढ शिक्षा पढ्न प्रेरणा दिने व्यक्तिको स्थिति**

| सि. न. | प्रेरणा दिने व्यक्ति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | श्रीमान् | १८ | ३९.१३ |
| २. | साथी | १२ | २६.०९ |
| ३. | सहयोगी कार्यकर्ता | १६ | ३४.७८ |
| | जम्मा :- | ४६ | १०० |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

साक्षरता अभियानले खासगरी यस जातिको अभिभावक वर्गमा चेतना ल्याएकोले वेलुकी पख संञ्चालित पौढकक्षामा कतिपय महिलाहरु श्रीमान लगायत अन्यबाट अभिप्रेरित भई कक्षामा जाने गरेकोले उत्साहित स्थिति वहुत राम्रो देखिन्छ ।

## ४.१.६. सहभागिहरुको मुख्य जिविकोपार्जन गर्ने पेशा सम्बन्धि विवरण

दनुवार समूदायमा जिविका चलाउने विभिन्न तरिकाहरु रहेका छन् । कतिपयले कृषि व्यवसाय गरेको छिमेकी कटारी बजारमा जागिर गरेको र कतिपयले आफ्ना हस्तनिर्मितको साथै गाउँघरमा हुने गरेका सामान्य पेशा व्यवसाय गर्ने गरेको कुरा जानकारी पाइयो ।

**तालिका ८ : सहभागिहरुको मुख्य जिविकोपार्जन गर्ने पेशा सम्बन्धि विवरण**

| सि. न. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि व्यवसाय गरेर | ३३ | ७१.७४ |
| २. | क्टारी बजारमा नोकरी गरेर | ७ | १५.२२ |
| ३. | ब्यापार | ६ | १३.०४ |
| | जम्मा | ४६ | १०० |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

साक्षरता अभियानमा सहभागि महिला खासगरि आर्थिक स्थीतिले कमजोर देखिएकोले उनिहरु खेतीपाती तथा सामान्य रोजगारको लागि नजिकको कटारी बजारमा भरपर्ने गरेको देखिन्छ ।

## ४.१.७. सहयोगी कार्यकर्ताको जाति, लिङ्ग योग्यताको स्थिती विवरण निम्नअनुसार छन्

महिला साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा चलिरहेको अवस्थामा रिस्कु गा.वि.स.मा केवल सहयोगी कार्यकर्ताले दनुवार समुदायको मात्रै नभएर अन्य समुदाएको भएको तथा उनीहरुले साक्षरता कार्यक्रमलाई नियमित अघि वढाईरहेको पाइयो ।

तलिका ९ : सहयोगी कार्यकर्ताको जाति ,लिङ्ग  योग्यताको स्थिती विवरण

| सि. न. | केन्द्रको नाम | सहयोगि कार्यकर्ताको नाम | लिङ्ग | जात | योग्यता |
|---|---|---|---|---|---|
| १. | गा.वि.स. रिस्कु १ | अनिताकुमारी दनुवार | महिला | दनुवार | एस.एल.सी |
| २. | गा.वि.स. रिस्कु ३ | कृति कुमारी दनुवार | महिला | दनुवार | एस.एल.सी |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

कम्तिमा पनि एस.एल.सी. पास गरेको हुनपर्ने योग्यताको स्थिति राम्रो देखिन्छ । माथिको चार्टलाई हेर्दा दुवै केन्द्रमा दुवै सहयोगी कार्यकर्ता एस. एल. सी. पास गरेको पाइए ।

सामान्यतया सर्वेक्षणबाट देखिएका विभिन्न पक्षहरुलाई अध्ययन गर्दा फ्रेडरीक हर्जवर्जको प्रेरक र आयोग्य शिद्धान्त लागु भएको देखिन्छ । किनभने अनुपातिक रुपमा दनुवार महिलाहरुमा साक्षरता कार्यक्रमले साकारात्मक प्रभाव नै पारेको कुरा अनुसन्धानबाट प्राप्त भएको छ ।

## ४.२ महिला साक्षरता कार्यक्रमले दनुवार  मलिाहरुमा पारेको सकारात्मक प्रभावहरु

यहाँ सकारात्मक परिवर्तन भन्नाले दनुवार  महिलाहरुमा पहिला भन्दा अहिले आएको समाजिक, आर्थिक, राजनितिक र साँस्कृतिक रुपमा  आएको परिवर्तन भनेर बुझिन्छ । जसको बारेमा तल बर्णण गरिएका छन् ।

### ४.२.१ समाजिक परिवर्तन

महिला साक्षरता कार्यक्रमले दनुवार समाजमा महिलाहरुलाई उनीहरुको अधिकारस्थित सचेत गराई सामाजिक शेवा, सुविधाका चीज वस्तुहरुको पहिचान गरी आफ्नो अधिकार र कर्तव्य बुझ्न धर्ती परम्परागत व्यवहारमा परिवर्तन भएको देखियो ।

## तालिका १० : साक्षरता शिक्षा कार्यक्रमले दनुवार महिलाहरुमा ल्याएको समाजिक परिवर्तनहरु

| क.स. | समाजिक परिवर्तनहरु | सहयागी दनुवार महिला जम्मा ४६ जना मध्ये | | सहयोगी कार्यकर्ता जम्मा २ जना मध्ये | | अभिभावकबाट देखिन्छ जम्मा २ जना मध्ये | |
|---|---|---|---|---|---|---|---|
| १. | आफनो अधिकारबारे बोलन सकेको | १६ | ३४.७८ | २ | १०० | १ | ५० |
| २. | सार्वजनिक स्रोतसाधन उपयोग गर्न सकेको | ३६ | ७८.२६ | २ | १०० | १ | ५० |
| ३. | ब्यक्तित्व बिकास गर्न सकेको | २८ | ६०.८७ | २ | १०० | २ | १०० |
| ४. | समाजको एउटा समानित सदस्यको रुपमा आफलाई परिचित गराउन सकने जागरुक आएको | १२ | २६.१० | १ | ५० | १ | ५० |
| ५. | सार्वजनिक सेवा र सुविधाको उपभोग गर्नबारे आफु सचेत भएको | ४२ | ९१.३० | २ | १०० | २ | १०० |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

साक्षरता अभियानले गर्दा दनुवार महिलाहरुमा सामाजिक चेतना आई उनीहरु हरेक प्रकारका आफ्ना हकहितका लागि हाल आवाज उठाइरहेका पाइनुका साथै विकास निर्माणमा जोसपूर्ण तरिकाबाट सहभागिता जनाइरहेका छन् ।

## ४.२.२. राजनैतिक परिबर्तन

साक्षरता अभियानले दनुवार समुदायका महिलाहरुलाई आफ्नो संगठित हुन् र जिज्ञासापूर्ण तरीकाले राजनैतिक गतिविधिका कुराहरु सुन्न र थाहा पाउन थालेका तथा उत्साहित पूर्ण किसिमले स्थानीयस्तरका राजनैतिक घटनाक्रममा प्रत्यक्ष सहभागी हुन् थालेका पाइनुका साथै रेडियो, टेलिभिजनका समाचार सुन्न समेत थालेको पाइयो ।

**तालिका ११ :साक्षरता शिक्षा कार्यक्रमले दनुवार महिलाहरुमा ल्याएको राजनैतिक परिवर्तनहरु**

| क. स. | राजनैतिक परिबर्तन | सहयागी दनुवार महिला जम्मा ४६ जना मध्ये | | सहयोगी कार्यकर्ता जम्मा २ जना मध्ये | | अभिभावकबाट देखिन्छ जम्मा २ जना मध्ये | |
|---|---|---|---|---|---|---|---|
| १. | बह'दलीय प्रजातन्त्र योग्य उम्मेदबार तथा दललाई मत दिन पाउने अधिकार बारे थाहा पाएको । | २६ | ५६.५२ | २ | १०० | १ | ५० |
| २. | स्थानिय निर्वाचनमा योग्य उम्मेदबार तथा मतदानको प्रक्रिया बारे थाहा पाएको । | १६ | ३४.७८ | १ | ५० | २ | १०० |
| ३. | राजनैतिक जिज्ञासा मेटाउन रेडियो कार्यक्रम नियमित स'न्न थालेको । | ३६ | ७८.२६ | २ | १०० | १ | ५० |
| ४. | स्थानिय तहको राजनैतिक माहोलमा सक्रियता देखाउन खोजेको । | ३२ | ६९.५७ | २ | १०० | १ | ५० |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

साक्षरता कार्यक्रमले दनुवार महिलाहरु आफ्नो अधिकार प्रति जागरुक भई स्थानिय स्तरमा हुने गरेका संघसंस्थामा प्रत्यक्ष सहभागिता जनाइरहेका छन् ।

## ४.२.३.आर्थिक परिवर्तन

सामान्यत परम्परागत जीवन पद्धतिमा आर्थिक उपर्जन गरिरहेका दनुवार महिलाहरु वर्तमानमा महिला साक्षरताको कारणले केही जागरुक भई आधुनिक तरिकाबाट कृषि कार्यहरु गरी आ-आफ्नो जीवन गुजारा गरेको पाइयो ।

**तालिका १२ : साक्षरता शिक्षा कार्यक्रमले दनुवार महिलाहरुमा ल्याएको आर्थिक परिवर्तनहरु**

| क.स. | आर्थिक परिवर्तनहरु | सहयागी दनुवार महिला जम्मा ४६ जना मध्ये | | सहयोगी कार्यकर्ता जम्मा २ जना मध्ये | | अभिभावकबाट देखिन्छ जम्मा २ जना मध्ये | |
|---|---|---|---|---|---|---|---|
| १. | जिबको उपारजनका वैकलपिक स्रोत साधन बारे चर्चा परिचर्चा गर्न जानेको । | २७ | ५६.५२ | १ | ५० | १ | ५० |
| २. | स्थानिय स्तरमा कृषि उत्पादनलाई अझै बढाउन स्थानिय रुपमा उपलब्बध प्रारङ्गीक मल्लको प्रयोग गर्न सचेत भएको । | ३३ | ७१.७४ | २ | १०० | १ | ५० |
| ३. | आय स्तरलाई बढाउन वैज्ञानिक कृषि उत्पादन एवं बजार व्यबस्थापनबारे केहि हदसम्म भएपनि तत्पर भएको । | १७ | ३६.९६ | १ | ५० | १ | ५० |
| ४. | मोसमी तथा बेमोसमि तरकारी उत्पादन गरि आय वृद्धि गर्न सकिन्छ भन्नेबारे सचेत भएको । | ४२ | ९१.३० | २ | १०० | २ | १०० |
| ५. | कृर्षि उत्पादनलाई उचित भण्डारण को तरिका बारे थाहा पाएको । | ३७ | ७८.२६ | २ | १०० | २ | १०० |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

माथिको तालिका अध्ययन गर्दा वास्तविकता के देखिन्छ भने दनुवार महिलाहरुमा बौद्धिक चेतना पलाई उनीहरु आर्थिक उन्नतीका लागि घरायसी काममा मात्र सीमीत नरही आर्थिक लाभ हुने स्थानमा समेत सहभागि हुन थालेकोले विगतका भन्दा आर्थिक उन्नती राम्रो देखिन्छ ।

## ४.२.४. परिवारिक जीवन

महिला साक्षरता कार्यक्रमको प्रत्यक्ष प्रभावले गर्दा उनीहरु पहिलेको तुलनामा अहिले सानो सानो परिवारमा वस्न थालेको र पुरुष स्वरुप आफ्नो परिवार चलाउन थालेका पाइयो ।

**तालिका १३ : साक्षरता शिक्षा कार्यकमले दनुवार महिलाहरुमा ल्याएको परिवारिक परिवर्तनहरु**

| क.स. | परिवारिक जीवनमा आएका परिवर्तनहरु | सहयागी दनुवार महिला जम्मा ४६ जना मध्ये | | सहयोगी कार्यकर्ता जम्मा २ जना मध्ये | | अभिभावकबाट देखिन्छ जम्मा २ जना मध्ये | |
|---|---|---|---|---|---|---|---|
| १. | परिवारमा रहेको वृद्धवृद्धालाई उचित समान मान मर्यादा जस्ता नैतिक जिम्मेवारीको पाठ सिकेको । | ४२ | ९१.३० | २ | १०० | १ | ५० |
| २. | केटा-केटी उचित शिक्षा दिक्षा दिई असल नागरिक बनाउनुपर्छ भन्ने सचेत भएको । | ४२ | ९१.३० | २ | १०० | १ | ५० |
| ३. | सानो परिवार सुखि धरवार भन्ने धारणाको विकास भएको । | २५ | ५४.३५ | १ | ५० | २ | १०० |
| ४. | महिलाले पनि पुरुष सरह परिबार चलाउन सकने धारणाको बिकास भएको । | २२ | ४७.८३ | १ | ५० | १ | ५० |
| ५. | महिला अधिकारबारे सचेत भएको । | २२ | ४७.८३ | १ | ५० | १ | ५० |

स्रोत: स्थलगत अध्ययन २०७१

।

साक्षारता अभियानले गर्दा महिलाहरु विगतमा सयुक्त परिवारमा वसि जीवन यापन गरिरहेको तर हालसालमा उनीहरु विभक्त भई सानो– सानो परिवारमा वस्ने गरेको पाइयो ।

## ४.२.५. स्वास्थ तथा / सरसफाई

महिलाहरु थोरै मात्रामा भएपनि वातावरणीय सरसफाईप्रति ध्यान नदिएको पाइयो, जसले गर्दा उनीहरु पौष्टिक तत्वयुक्त खाना खानथालेको र धुम्रपान जस्ता कुलतबाट टाढा भाग्न थालेको पाइयो ।

**तालिका १४ : साक्षरता कार्यक्रमले दनुवार महिलाहरुमा ल्याएको सरसफाई सम्बन्धि चेतना**

| क.स. | स्वास्थ तथा सरसफाई परिवर्तनहरु | सहयागी दनुवार महिला जम्मा ४६ जना मध्ये | | सहयोगी कार्यकर्ता जम्मा २ जना मध्ये | | अभिभावकबाट देखिन्छ जम्मा २ जना मध्ये | |
|---|---|---|---|---|---|---|---|
| १. | ब्यक्तिगत तथा बताबरणिय सरसफाई बारे सचेत भएको | ४१ | ८९.१३ | २ | १०० | २ | १०० |
| २. | धुम्रपान तथा मधपानले स्वास्थलाई हानी पु-याउछ भन्ने चेतनाको बिकास भएको । | ४१ | ८९.१३ | २ | १०० | २ | १०० |
| ३. | स्वास्थको लागि खानाको पोष्टिक तत्व तथा आहारवारे ज्ञान भएको । | २७ | ५८.७० | १ | ५० | १ | ५० |
| ४. | खानामा हरियो साग सबजिको पोष्टिक तत्व जोगाउन,खाने र पकाउने प्रक्रियाबारे समान्य ज्ञान पाएको । | २७ | ५८.७० | १ | ५० | १ | ५० |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

यस गा.वि.समा साक्षरताको विशेष प्रभाव दनुवार महिलाहरुमा नै परेको अनुभव गरियो जसले गर्दा उनीहरु परम्परागत रुपमा प्रयोग गरिरहेका दैनिक उपभोग्य वस्तुहरुमा सरसफाइ पुर्ण तरिकाले प्रयोग गरेको पाइयो फलस्वरुप स्वास्थ्य चेतना रहेको अनुभव गरियो ।

## ४.२.६. ब्यवहारिक जीवनमा आएका परिवर्तनहरु

साक्षरता अभियानले गर्दा महिलाहरु पढ्न लेख्न गरेको तथा सामान्य व्यवहारिक चीजवस्तुहरुको बारेमा पढेर जानकारी लिएको पाइयो ।

**तालिका १५ : साक्षरता शिक्षा कार्यक्रमले व्यावहारिक जीवनमा ल्याएका परिवर्तनहरु**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | बिजुलीको वील पढेर रकम थाहा पाएको | ३६ | ७८.२६ | १ | ५० | १ | ५० |
| २. | गडिको नम्बर चिनेको | ४० | ८६.९६ | २ | १०० | २ | १०० |
| ३. | सधारण चिठ्ठी लेख्न र पढ्न सकेको | २८ | ६०.८७ | १ | ५० | २ | १०० |
| ४. | आगोले पोलेको साधारण उपचार गर्ने जान्ने | ४२ | ९१.३० | २ | १०० | २ | १०० |
| ५. | करेसा बारीको उचित व्यवस्थापन गर्ने जानेको | २७ | ५८.७० | १ | ५० | १ | ५० |
| ६. | विक्षारोपण | ४४ | ९५.६५ | १ | ५० | १ | ५० |
| ७. | टेलिफोन गर्न सकेको | ३८ | ८२.६१ | २ | १०० | १ | ५० |
| ८. | सुचना पढ्न सकने (पोष्टर ,पम्पलेट , आदि) | ३५ | ७६.०९ | १ | ५० | १ | ५० |
| ९. | करेण्ट लागे पछि मेन स्वीच बन्द गर्न' | ४६ | १०० | २ | १०० | १ | ५० |
| १०. | सधारण जोड, धटाउ | ३४ | ७३.९१ | २ | १०० | १ | ५० |

स्रोत: स्थलगत अध्ययन २०७१ ।

शैक्षिक जागरणले महिलाहरु यति बेला पूर्ण प्रभावित भई उनीहरुले आफूले प्रयोग गरिरहेका लुगा फाटोमा आधुनिकता थप्दै सम्पूर्ण पक्षप्रति बौद्धिक विश्लेषण पछि आफूले प्रयोगमा सरसामाग्री उपयोग गरिरहेको पाइयो ।

दनुवार समूदायमा चलाइएका साक्षरता अभियानले दनुवार स्तर उठाउनमा ठूलो मद्दत मिलेको छ र उनीहरुले मानिआएका परम्परागत आर्थिक उर्पाजनका कामहरुमा परिवर्तन गरी सामाजिक परिवर्तन भएको पाइयो । फलस्वरुप फ्रेडरिकको सिद्धान्त लागू भएको देखियो ।

## ४.३. साक्षरता कार्यक्रममा सहभागी हुने दनुवार महिलाहरुको समस्या एवं चुनौती

साक्षरता कार्यक्रममा दनुवार महिलाहरुको विभिन्न किसिमका समस्या एवं चुनोतीहरु देखापरे जसको बारेमा तल वर्णण गरिएका छन् ।

### तालिका १६ महिला सहभागीलाई परेका समस्या

| क.सं. | सहभागीलाई परेका समस्या | जम्मा ४६ जन्नामा | प्रतिशत |
|---|---|---|---|
| १ | सहयोगी कार्यकर्ताको अनियमितता | २४ | ५२.१७ |
| २ | अत्यधिक गर्मी | १२ | २६.०९ |
| ३ | बस्न अप्ठ्यारो | ६ | १३.०४ |
| ४ | पढाएको नबुझिने | ४ | ८.७० |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

साक्षरता कार्यक्रममा दनुवार महिलाहरुलाई परेका प्रमुख समस्याहरु मध्ये अत्यधिक गर्मी भएर २६.०९, पढाएको नबुझिने ८.७ प्रतिशत नै भेटियो भन्ने सहयोगी कार्यकर्ताको अनियमितताको कारण २४ जना अर्थात ५२.१७ प्रतिशत त्यस्तै बस्न अप्ठ्यारो जम्मा ६ जना अर्थात १३.०४ प्रतिशत भेटिए ।

## ४.३.दनवारु महिलाहरु कक्षामा नियमित सहभागी नहुने वा जान नसक्ने कारणहरु

साक्षरता अभियानले दनुवार महिलाहरुम सकारात्मक प्रभाव पारेता पनि यिनीहरु कक्षामा अनियमित हुने कारणहरु विभिन्न रहेका छन् जसलाई तालिकामा देखाईएको छ ।

### तालिका १७ : दनुवार महिलाहरु कक्षामा अनियमित हुने कारणहरु

| क.सं. | समस्याहरु | संख्या ४६ जनामा | प्रतिशत |
|---|---|---|---|
| १ | घरमा काम परेर | २६ | ५६.५२ |
| २ | विरामी परेर | ४ | ८.७० |
| ३ | रुचि नभएर | ८ | १७.४० |
| ४ | घरका मान्छेहरु जान्न नदिएर | ६ | १३.०४ |
| ५ | लैंगिक भेदभाव | २ | ४.३५ |

स्रोतः स्थलगत अध्ययन २०७१ ।

दनुवार महिलाहरु बिभिन्न कारणले अनुपस्थित भएता पनि पुरुषको नियन्त्रण बढी देखिन्छ ।

यहाँ सामान्यरुपमा फ्रेडरीकको सिद्धान्त असफल भएको देखिन्छ । किनभने दनुवार सामाजिक संरचनाले गर्दा उनीहरुको सोच्ने क्षमतामा वृदी नभइ परम्परागत अवस्थामा नै घरव्यवहारमा अल्मलिएकाले साक्षरता कार्यक्रमले अपेक्षाकृत राम्रो फल प्राप्त गर्न सकिएको देखिएन ।

## ४.४ समस्या र चुनौतिको न्यूनीकरणका लागि सुझावहरु

कुनै पनि कार्य प्रारम्भ गर्दा त्यसमा आई पर्ने समस्या र चुनौतीहरुको पहिचान गर्नु अति आवश्यक हून्छ । ती समस्या र चुनौतीको समाधानका उपायहरु अवलम्बन गर्नु उदेश्य बमोजिम विभिन्न स्रोत सामग्री तथा जनशक्ति परिचालन गर्नु पर्ने हून्छ । ती स्रोत सामग्री र जनशक्ति प्रभावकारी रुपमा संचालन गरिए समस्या र चुनैंतीहरु न्यूनीकरण गर्न अवश्य सकिन्छ । यसका लागि जनशक्तिको उपलब्धता स्रोत सामग्रीको उपलब्धता, उचित ब्यवस्थापन अति आवश्यक हुन्छ ।

४.४.१ **ब्यवस्थापक –**आबश्यक स्रोत सामग्री प्रयोग गर्न सहयोगी कार्यकर्तालाई सही समयमा चाहिएको कुरा उपलब्ध गराउने ।

४.४.२. **सहयोगी कार्यकर्ता –**सहयागी कार्यकर्ताले सही सामग्री प्रयोग गरी प्रभावकारी पठन–पाठन गर्नुपर्दछ ।

४.४.३. **संचालक संस्था –**यस किसिमका कार्यक्रम सचालन गर्न सम्बनिधत व्यक्तिहरुले समय–समयमा हेरचाह गर्नुपर्दछ ।

४.४.४. बस्नको लागि राम्रो व्यबस्था मिलाउनु पर्दछ र छुवा छुत सम्बन्धि अझै जुन केही मात्रामा समाजमा नराम्रो धारणा छ त्यसमा परिबर्तन ल्याई सहभागिता बढाउन सकिन्छ ।

४.४.**५**.माहिलालाई जीवन उपयोगी व्यबहारिक र सिपयुक्त कार्यक्रम ल्याएर सहभागिता बढाउन सकिन्छ तथा प्रभावकारी र जनमुखी बनाउन सकिन्छ ।

# परिच्छेद : पाँच

# प्राप्ती, निष्कर्ष तथा सुझावहरु

## ५.१ प्राप्ती

**साक्षरता कार्यक्रममा दनुवार महिला सहभागिताको वर्तमान अवस्थाको खोजी गर्ने**

साक्षरता केन्द्रमा अध्ययन गर्ने सहभागी मध्ये ५६.६० प्रतिशत महिला सहभागीता विविध जातका छन् भन्ने ४३.४० प्रतिशत मात्र दनुवार महिला सहभागी पाइयो । दुई वटा केन्द्रमा जम्मा १५० दिन कक्षा चल्नु पर्नेमा औसतमा ५६.६७ प्रतिशत दिनमात्र कक्षा चलेको पाइयो । यस्तै शनिवार बाहेक प्रत्येक दिन २ घण्टा कक्षा चल्नु पर्नेमा कतै सहभागीहरु ढिलोगरी आउनाले ३ घण्टा पनि चलेको पाइयो भने कतै १:३० घण्टामात्र पनि चलेको पाइयो । साक्षरता कक्षामा अनियमित हुने दनुवार महिला औसतमा ६ जना अर्थात ११.१२ प्रतिशत देखियो । वडा नं. १ मा भन्दा वडा नं. ३ मा संचालित कक्षामा अनियमितता बढी भेटियो । वडा नं १ मा १२ प्रतिशत र वडा नं ९ मा ११.११ प्रतिशत भेटियो ।

**महिला साक्षरता कार्यक्रमले दनुवार महिलाहरुमा पारेको सकारात्मक प्रभावहरुको विश्लेषण गर्नु**

साक्षरता कार्यक्रमले पढ्न प्रेरणा दिने व्यक्तिमा ३४.७८ प्रतिशत सहभागी कार्यकर्ताबाट प्रेरित भएर, श्रीमानबाट ३९.१३ प्रतिशत र साथीबाट २६.०९ प्रतिशत प्रेरित भएको पाइयो । साक्षरता कार्यक्रममा सहभागी मध्ये ७१.७४ प्रतिशत कृषि पेशामा आश्रित भेटिए भने नजिकको कटारी गर्ने १५.२२ प्रतिशत र व्यापार गर्ने १३.०४ प्रतिशत रहेको पाइयो र सहयोगी कार्यकर्ता एस.एल.सी. पास गरेका भेटिए । दुवै वडामा दुवै सहयोगी कार्यकर्ताको शैक्षिक अवस्था समान पाइयो । सहभागीहरु मध्ये १०६ जनामा ४६ जना अर्थात ४३.४० प्रतिशत दनुवार महिला सहभागिता देखिए भने ५६.६० प्रतिशत विविध जातका महिला सहभागी भेटिए । सहभागीहरुमा ७० प्रतिशत विवाहित र ३० प्रतिशत अविवाहित भेटिए ।

**साक्षरता कार्यक्रममा सहभागी हुने दनुवार महिलाहरुको समस्या एवं चुनौती पत्ता लगाउने**

समाजिक जीवनमा साक्षरता कार्यक्रमले ल्याएको परिवर्तनहरु आफ्नो अधिकारबारे बोल्न सकेको ३४.७८ प्रतिशत, सार्वजनिक स्रोत साधन उपयोग गर्न सकेको ७८.२६ प्रतिशत, ब्यक्तित्व विकास गर्न सकेको ६०.८७ प्रतिशत, समाजको एउटा समानित सदस्यको रुपमा आफूलाई परिचित गराउन सकने जागरुक भएका २६.१० प्रतिशत र सार्वजनिक सेवा र सुविधाका उपयोग गर्नेबारे सचेत भएको ९१.३० प्रतिशत पाईयो । दनुवार महिलालाई राजनैतिक रुपमा साक्षरता कार्यक्रमले ल्याएको परिवर्तनहरु यसप्रकार छन् । वहुदलीय प्रजातन्त्रमा योग्य उम्मेदवार तथा दललाई मत दिन पाउने अधिकार बारे थाहा पाएको ५६.५२ प्रतिशत, स्थानिय निर्वाचनमा योग्य उम्मेदवार तथा मतदानको प्रक्रियाबारे थाहा पाएको ३४.७८ प्रतिशत, राजनैतिक जिज्ञाशा मेटाउन रेडियो कार्यक्रम नियमित सुन्न थालेको ७८.२६ प्रतिशत, स्थानिय तहको राजनैतिक माहोलमा सक्रियता देखाउन खोजेको ६९.५७ प्रतिशत पाइयो । साक्षरता कार्यक्रमले दनुवार महिलाहरुमा ल्याएको आर्थिक परिवतर्नहरु ५६.५२ प्रतिशत, जिविकोउपार्जनको वैकल्पिक स्रोत साधन बारे चर्चा परिचर्चा गर्न जानेको ७१.७४ प्रतिशत स्थानियस्तरमा कृषि उत्पादनलाई अझै बढाउन, स्थानिय रुपमा उपलब्ध प्राङ्गारिकमलको प्रयोग गर्न सचेत भएको, ३६.९६ प्रतिशत आफ्नो आय स्तरलाई बढाउन वैज्ञानिक कृषि उत्पादन एवं बजार ब्यबस्थापनबारे केही हदसम्म भएपनि तत्पर भएको ९१.३० प्रतिशत मौसमी तथा बेमौसमी तरकारी उत्पादन गरि आय वृद्वि गर्न सकिन्छ भन्नेबारे बुझनुको साथै ७८.२६ प्रतिशतले कृर्षि उत्पालनलाई उचित भण्डारणको तरिका बारे थाहा पाइयो । पारिवारिक जीवनमा साक्षरता कार्यक्रमले दनुवार महिलामा ल्याएको परिवर्तनहरु मध्ये सवै भन्दा बढी परिवारमा रहेको वृद्धवृद्धालाई उचित सम्मान, मान मर्यादा जस्ता नैतिक जिम्मेवारीको पाठ र केटाकेटीलाई उचित शिक्षा दिक्षा दिई असल नागरिक बनाउनु पर्छ भने चेतनाको विकास ९१.३० प्रतिशत पाइयो, सब भन्दा कम ४७.४३ प्रतिशत महिलाले पुरुष सरह परिवार चलाउन सक्ने धारणाको विकास र महिला अधिकार बारे सचेत भएको पाइयो त्यस्तै ५४.३३ प्रतिशतले सानो परिवार सुखी घरवार भन्ने धारणाको विकास भएको पाइयो । साक्षरता कार्यक्रमले दनुवार महिलाहरुमा ल्याएको स्वास्थ्य तथा सरसफाई सम्बन्धी परिवर्तनहरु मध्ये ८९.१३ प्रतिशत ब्यक्तिगत तथा वातावरणीय सरसफाई बारे सचेत र धुम्रपान तथा मधपानले स्वास्थ्यलाई हानी पुऱ्याउछ भन्ने चेतनाको विकास भएको पाइयो । त्यस्तै ५८.७० प्रतिशतले स्वास्थ्यको लागि खानाको पौष्टिक तत्व तथा आहार बारे ज्ञान र खानामा हरियो साग सब्जीको पौष्टिक तत्व जोगाउन खाने र पकाउने प्रक्रियाबारे सामान्य ज्ञान पाइयो । ब्यवहारिक जीवनमा साक्षरता कार्यक्रमले ल्याएको परिवर्तनहरु औषतमा करेन्ट लागेपछि मैन स्विच बन्द गर्न, १०० प्रतिशत, ७६.९१ प्रतिशत ले साधारण जोड घटाउ गर्न जानेको, ७८.२६ प्रतिशत ले विल पढेर रकम थाहा पाउन सकेको, ७६.०९ प्रतिशत ले सूचना पढ्न सकेको र ९१.३६प्रतिशत ले आगोले पोलेको साधारण उपचार र बृक्षारोपण गर्न सक्षम भएको पाइयो ।

**समस्या र चुनौतीको न्यूनीकरणका लागि सुझावहरु**

साक्षरता कक्षामा महिलाहरुको नियमित सहभागिता घटी हुनुका प्रमुख कारणमा घरायसी काम भएर ४१.६७ विरामी परेर १६.६७ प्रतिशत, बच्चा सानो भएर १०.४२ प्रतिशत र रुची नभएर १८.७५ प्रतिशत अनियमित भएको भेटिए । बीचैमा कक्षा छाड्ने दनुवार महिला ११.५४ प्रतिशत भेटियो, जसमा वडा नं. १ मा १२ प्रतिशत र वडा नं. ३ मा ११.११ प्रतिशत कक्षा छाडेको पाइयो । सहभागीहरु मध्ये बीचैमा कक्षा छाडने कारणहरुमा ७२.९२ प्रतिशतले घरायसी कामको बोझको कारण, १२.५ प्रतिशतले विवाह भै जानुपरेकाले, १०.४२ प्रतिशतले केन्द्र टाढा भएकाले ४.१७ प्रतिशतले सुत्केरी भएकाले बीचैमा कक्षा छाडेको पाइयो । कक्षा सञ्चालन गर्दा सहयोगी कार्यकर्तालाई प्रमुख रुपमा निर्देशिका समयमा नपाएर समस्या परेको पाइयो, जुन १०० प्रतिशत देखियो । सहभागीहरु अनियमित भएका ६० प्रतिशत समस्या परेको देखियो । कापी पातलो भएकोले र राम्रो भएकोले १०/१० प्रतिशत सहयोगी कार्यकर्तालाई समस्या परेको पाइयो । कक्षा सञ्चालनको बेलामा सहभागीलाई ७४ प्रतिशत सहयोगी कार्यकर्ता अनियमित हुनाले समस्या परेको, ५५ प्रतिशतलाई अत्याधिक राम्रो भएर, ६६ प्रतिशतलाई बस्न अप्ठ्यारो भएर, ३७ प्रतिशतलाई पढाएको नबुझिएर समस्या परेको पाइयो ।

## ५.२ निष्कर्ष

नेपालको साक्षरता अभियानमा अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रमहरुमध्ये प्रौढ शिक्षा कार्यक्रमले धेरै लामो समयदेखि महत्वपूर्ण भूमिका खेल्दै आएको छ । यो कार्यक्रमले समाजका निरक्षर प्रौढ महिला र पुरुष दुवैलाई साक्षर हुने बराबर अवसर दिएको छ । यस अध्ययनको तथ्याङ्क विश्लेषणबाट प्राप्त तथ्यहरुको आधारमा निम्न लिखित निष्कर्षमा पुगिएको छ ।

अनौपचारिक शिक्षाको प्रौढ शिक्षा कार्यक्रममा सहभागि हुने उमेर समूहका जम्मा ६२ जना मध्ये ६ जना महिला अर्थात ९.६८ प्रतिशत र बाँकि ९०.३८ प्रतिशत अरु जातका महिलाहरु सहभागी पाइए जुन राम्रो पक्ष होइन । अनौपचारिक शिक्षाको प्रौढ शिक्षा कार्यक्रममा महिलाहरु १०० प्रतिशत र पुरुषहरु नाइका बरावर सहभागी भएको देखियो यो पनि सकारात्मक पक्ष होइन । जम्मा १५० दिन पढाई हुनुपर्नेमा औषतमा ५४ प्रतिशत दिन मात्र कक्षा चलेकोले पढाई हुनुपर्ने दिन मध्यम स्तरको पाइयो । प्रत्येक दिन २ घण्टा कक्षा चल्नु पर्नेमा कक्षा चल्ने समय १०० प्रतिशत रहेकोले यो उच्चस्तरमा निष्कर्ष निकालियो । प्रौढ कक्षामा अनियमित हुने महिला औषतमा ५.३ अर्थात १७.४ प्रतिशत रहेकोले प्रौढ साक्षरता केन्द्रको वातावरण हेर्दा ठिकै रहेको पाइयो । कार्यक्रम सञ्चालन हुने समयमा घरको विविध कामले प्रभाव पारेकोले उचित समय नभएको निष्कर्ष निकालियो । महिलालाई वढी घरायसी काम गर्नु पर्ने भएकाले उनीहरुले बढी कक्षा छाडेको पाइयो । अरु जातका महिला भन्दा यस जातका महिलाहरुको कक्षा छाड्ने ७ प्रतिशत बढी रहेको पाइयो । सहभागीहरुलाई निर्देशिका समयमा नपाएकोले समस्या परेको निष्कर्ष निस्कयो । व्यवहारिक जीवनमा उपयोग औषतमा ६० प्रतिशत भन्दा माथि कुनैपनि महिलाको उपयोगको स्थिति मध्यम स्तरको रहेको निष्कर्ष निस्कियो । निरिक्षण अनुगमनको स्थिति फितलो रहेको निष्कर्ष निस्कियो ।

## ५.३ सुझावहरु

समाजमा धेरै जसो महिला अशिक्षित छन् । तिनीहरुको सहभागिता बढाउन जि.शि.का ले गा.वि.स.र न.पा.ले व्यापक प्रचार प्रसार गर्ने । चेतनाको अभावका कारणले "पैसा सहयोगी कार्यकर्ताले खाने हामी किन पढ्ने ?" जस्ता कुरा सहभागीहरुले गर्ने पाइएकोले जि.शि.का. अनौपचारिक शिक्षा केन्द्र आदीले चेतनामुलक कार्यक्रम ल्याउने साथै थोरै भएपनि सहभागीहरुको लागि भुक्तानीको व्यवस्था गर्ने । प्रौढ साक्षरता कार्यक्रमको संचालनको समय गर्मीयाम वा कामको समयमा नपारी हिउँदमा पार्दा राम्रो हुने हुन्छ । यसबाट सहभागीहरु नियमित हुन्छन् । नतिजाको आधारमा भुक्तानी दिने नीतिका कारणले कतिपय दाउँमा पास हुन सहभागीहरुले आफ्ना छोराछोरीबाट बाँया हातले लेखाउन लगाएको पाइएकोले यो नीतिमा हेरफेर गरिनुपर्छ तथा परीक्षा निरिक्षकको उपस्थितिमा गरिनु पर्दछ । सहयोगी कार्यकर्ता सहभागीलाई नियमित गराउन स्थानिय निरीक्षक तथा जिल्लाका नीरिक्षकहरुले नियमित निरीक्षण अनुशासन राख्नु पर्दछ । कक्षा सञ्चालन गर्न आवश्यक पर्ने सामग्री समयमा उपलब्ध नहुनाले ठूलो समस्या पर्ने हुनाले अनौपचारिक शिक्षा केन्द्रले सामाग्रीहरु समयमा उपलब्ध गराउनु पर्दछ । कक्षा सञ्चालन कतिपय ठाउँमा भैसीं बस्ने घर, रुखमुनि, घरको वरण्डा आँगन, मन्दिरमा सञ्चालन गर्नु परेकोले धेरै समस्या परेको देखिन्छ । त्यसको लागी छुट्टै कक्षाकोठाको व्यवस्था गरेर मात्र कक्षा सञ्चालन गर्नुपर्दछ । घरधुरी सर्वेक्षण फारम नभरीकन राजनैतिक हिसावले कोटा वितरण भएको पाइएकोले कोटा वितरण गर्दा घरधुरी सर्वेक्षण फारम भरेर निष्पक्ष रुपमा कोटा वितरण गर्नुपर्दछ ।

प्रौढ कक्षाका सहयोगी कार्यकर्ता र सहभागीलाई परेका समस्या निवारणका उपायहरु निम्न अनुसार अवलम्वन गर्न सकिने देखियो । प्रौढ महिला सहभागीहरुलाई एंवम् भए सम्म सुरक्षित र व्यवस्थित ढंगले कक्षामा राखिनु पर्दछ । महिलाका आफ्नै किसिमका समस्याहरु भेटिए । ती कुराहरुलाई ख्याल राखी बस्ने कुर्सी, डेस्क, बेञ्च, सुकुल, गुन्द्री, चकटी आदिमा आ-आफ्नो समूहमा राख्न सके कक्षामा नियमित आउने हुन्छन् । कक्षाकोठामा स्वच्छ हावा, प्रकाश, उपयुक्त तापक्रम भयो भने उनीहरुलाई नियमित कक्षामा जाउँ-जाउँ लाग्ने हुन सक्छ । कक्षामा नियमित हुन नसक्ने कारणमा बस्ने व्यवस्था वा कक्षा कोठा उपयुक्त नभएर हो भन्ने कुरा धेरै सहभागी र सहयोगी कार्यकर्ताले अभिव्यक्त गरेको पाइयो । प्रौढ कक्षा सञ्चालनको समय गर्मीयाममा नपारेर चिसोमा पार्दा राम्रो हुने कुरा धेरैले बताए । त्यस्तै कृषि प्रधान देशमा बालीनाली भित्रायाउने समयमा नपारी अन्य समयमा पार्नु देखिन्छ । महिलाहरुले घर धन्दा देखि खेतवारी मेलापात, वनजंगलसम्मको काम भ्याउनु पर्ने हुन्छ । प्रौढ कक्षा चलुञ्जेलसम्म घरका अरु सदस्यले सहभागीहरको काम सघाएमा नियमित सहभागी हुन सक्छन् । नियमित कामलाई पनि गर्नु पर्ने पढाई पनि भ्याउनु पर्ने समस्याले महिलाहरुलाई सताएको पाइन्छ । यसको लागि परिवारको सदस्यहरुलाई बेलाबेलामा घचघच्याई रहन सचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक हुन्छ । अनौपचारिक शिक्षाका कक्षाहरु जनचेतनाको अभावमा सफल ढंगले सञ्चालन हुनसकिरहेका छैनन् । अशिक्षित समाजको कारणले गर्दा नछुनु समस्याले निकै प्रभाव पारेको देखियो । सहयोगी कार्यकर्ता नछुने भयो भने ३ दिन सम्म कक्षा नै नचलेको पाइयो । यसैको लागि जनचेतना मूलक कार्यक्रम ल्याउनु पर्ने देखिन्छ । भनेर धेरैले आफ्नो मत प्रकट गरेको पाइयो । प्रौढ कक्षा

निरीक्षणको लागि स्थानिय निरीक्षक नियुक्त भएपनि उनीहरुले निरीक्षण गरेको पाइएन । यसको लागि पटक पटक माथिल्लो निकायबाट निरीक्षण अनुगमन हुनु पर्ने कुरा सहभागी प्रौढहरुले स्वीकार गरेको पाइयो ।

### ५.३.१ नीतिगत तह

साक्षरता कक्षाका सहयोगी कार्यकर्ता र सहभागीलाई परेका समस्या निवारणका लागि नीतिगत उपायहरु निम्न अनुसार अवलम्वन गर्न सकिने देखियो ।

प्रौढ महिला सहभागीहरुलाई एंवम् भए सम्म सुरक्षित र व्यवस्थित ढंगले कक्षामा राखिनु पर्दछ । ती कुराहरुलाई ख्याल राखी बस्ने कुर्सी, डेस्क, बेञ्च, सुकुल, गुन्द्री, चकटी आदिमा आ-आफ्नो समूहमा राख्न सके कक्षामा नियमित आउने हुन्छन् । कक्षाकोठामा स्वच्छ हावा, प्रकाश, उपयुक्त तापक्रम भयो भने उनीहरुलाई नियमित कक्षामा जाउँ-जाउँ लाग्ने हुन सक्छ । कक्षामा नियमित हुन नसक्ने कारणमा बस्ने व्यवस्था वा कक्षा कोठा उपयुक्त नभएर हो भन्ने कुरा धेरै सहभागी र सहयोगी कार्यकर्ताले अभिव्यक्त गरेको पाइयो । साक्षरता कक्षा सञ्चालनको समय गर्मीयाममा नपारेर चिसोमा पार्दा राम्रो हुने कुरा धेरैले बताए । त्यस्तै कृषि प्रधान देशमा बालीनाली निम्त्याउने समयमा नपारी अन्य समयमा पार्नु देखिन्छ । महिलाहरुले घर धन्दा देखि खेतवारी मेलापात, वनजंगलसम्मको काम भ्याउनु पर्ने हुन्छ । साक्षरता कक्षा चलुञ्जेलसम्म घरका अरु सदस्यले सहभागीहरुको काम सघाएमा नियमित सहभागी हुन सक्छन् । नियमित कामलाई पनि गर्नु पर्ने पढाई पनि भ्याउनु पर्ने समस्याले महिलाहरुलाई सताएको पाइन्छ । यसको लागि परिवारको सदस्यहरुलाई बेलाबेलामा घचघच्याई रहन सचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक हुन्छ ।

अनौपचारिक शिक्षाका कक्षाहरु जनचेतनाको अभावमा सफल ढंगले सञ्चालन हुन सकिरहेका छैनन् । अशिक्षित समाजको कारणले गर्दा नछुने समस्याले निकै प्रभाव पारेको देखियो । सहयोगी कार्यकर्ता नछुने भयो भने ३ दिन सम्म कक्षा नै नचलेको पाइयो । यसैको लागि जनचेतना मूलक कार्यक्रम ल्याउनु पर्ने देखिन्छ । भनेर धेरैले आफ्नो मत प्रकट गरेको पाइयो । प्रौढ कक्षा निरीक्षणको लागि स्थानिय निरीक्षक नियुक्त भएपनि उनीहरुले निरीक्षण गरेको पाइएन । यसको लागि पटकपटक माथिल्लो निकायबाट निरीक्षण अनुगमन हुनु पर्ने कुरा सहभागी साक्षरहरुले स्वीकार गरेको पाइयो । यसका साथै सम्वन्धित निकायले निम्न नितिहरु वनाउनु पर्छ ।

- दनुवारका लागी अनिवार्य शिक्षाको व्यवस्था गराउनु पर्छ ।
- दनुवार लगायत अन्य जनजाती लाई सर्वसुलभ तरिकाबाट शिक्षा दिलाउनु पर्छ ।
- महिला शिक्षालाइ विशेषप्राथमिकतामा राखिनु पर्छ ।
- सरकारले आर्थिक अवस्थालाई हेरेर निःशुल्क तथा सिपमुलक शिक्षाको व्यवस्था गरिदिनु पर्छ ।

### ५.३.२ अभ्यास तह

शैक्षिक संस्थाभित्र भइरहेका कार्यहरुको नियमित अवलोकन, अनुगमन र सुपरीवेक्षण गरी त्यसको अभिलेख राख्ने तथा सरोकारवालासँग अन्तरक्रिया गरी सुधारका लागि प्रयत्नशील रहनु पर्दछ । शिक्षण सिकाईलाई विद्यार्थी केन्द्रीत गराउन विद्यार्थीको रुचि, आवश्यकता स्वभाव र उमेर अनुसारका शैक्षिक सामग्रीको प्रवन्ध र भौतिक सुविधा मिलाउन स्थानीय चन्दादाता, गाउँ विकास समिति, संघसंस्थाबाट आर्थिक सहयोग जुटाउनु पर्दछ । विद्यार्थीको सिकाई उपलब्धि र प्रगति मूल्याङ्कन गर्न अन्तिम परीक्षालाई मात्र प्रमुख आधार बनाएको देखियो । खासगरी गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता, विद्यार्थी अवलोकनलाई समेत मूल्याङ्कनको आधार बनाइनु पर्दछ र विद्यार्थी प्रगतिको नियमित जानकारी विद्यार्थी र अभिभावकलाई गराइनु पर्दछ । विद्यालयले आयोजना गर्ने विभिन्न उत्सव, समारोह, कार्यक्रमहरुमा शिक्षक र अभिभावकहरुलाई सम्मान गर्ने तथा विद्यार्थीहरुलाई पुरस्कार दिई उत्साहजनक सहभागिता बढाइनु पर्दछ ।

विद्यालयको शैक्षिक स्तर वृद्धिमा महिलाको भूमिका विद्यालयको शैक्षिक स्तर वृद्धिमा सरोकारवालाहरुको सहभागिताको अवस्था विद्यालयहरुमा मूल्याङ्कनको अवस्था आदि विषयमा अनुसन्धान गर्न सकिन्छ । यसका साथै दनुवार महिलाको साक्षरता कार्यक्रममा चाली रहेको अवस्थामा निम्न कुराहरु गर्न जरुरी देखिन्छ ।

- दनुवार महिलालाई शैक्षिक सस्थासम्म पुऱ्याउनको निम्ति लुगाफाटो, किताव कपीको व्यवस्था सम्वन्धित पक्षले गरिदिनु पर्छ ।
- दनुवार महिलाहरुलाई उनीहरुको पुरुषबाट सचेत गराउनु पर्छ ।
- समाजमा महिलासाक्षरता सम्वन्धि जनचेतना जगाउनु पर्छ ।

### ५.३.३ अनुसन्धान तह

सीमित क्षेत्रमा गरिएको प्रस्तुत शिर्षकको अध्ययनलाई गहन रुपमा चिन्तन मनन गरी सम्बद्ध निकायले राष्ट्रिय स्तरको अध्ययन अनुसन्धान गर्न थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । यसले आगामी अनुसन्धानलाई महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नेछ । भावी अनुसन्धानका लागि थप सम्भाव्य शीर्षकहरु निम्न बमोजिम सुझाइएको छ :

- विद्यालयको शैक्षिक स्तर वृद्धिमा महिलाको भूमिका : एक अध्ययन
- विद्यालयको शैक्षिक स्तर वृद्धिमा सरोकारवालाहरुको सहभागिताको अवस्था : एक अध्ययन

# सन्दर्भसामग्री (Bibliography)


१. काफ्ले, श्रेष्ठ, र सिन्हा (२०५८), **शैक्षिक प्रशासन र सुपरिवेक्षण,** काठमाडौँ, भोटाहिटी, विद्यार्थी पुस्तक भण्डार ।

२. के.सी. भोला (२०६३), **साक्षरता सामग्री निर्माण प्रकृया**, साक्षरता विशेषाङ्क, सानोठिमी भक्तपुर, अनौपचारिक शिक्षा, केन्द ।

३. खनाल, पेसल (२०६२), **शैक्षिक अनुसन्धान पद्धति**, कीर्तिपुर, सनलाईट पब्लिकेशन ।

४. जोशी, नवराज (२०६४), **अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम महिला सहभागिता र यसको प्रभावकारिता एक अध्ययन,** कीर्तिपुर, शिक्षाशास्त्र संकाय केन्द्रीय क्याम्पस ।

५. दाहाल, माधव प्रसाद (२०६४), **दिगो साक्षरताका लागि आय आर्जन,** साक्षरता विशेषाङ्क ।

६. पौडेल, चिरञ्जीवी (२०६३), **अनौपचारिक शिक्षा कार्यक्रम विगत, वर्तमान र भविष्य** ।

७. पौडेल चिरञ्जीवी (२०६४), **अनौपचारिक महिला शिक्षा कार्यक्रम,** सानोठिमी भक्तपुर, साक्षरता विशेषाङ्क ।

८. महतो, राजेन्द्र (२०६४), **जागो मधेशी जागो,** शान्तिनगर काठमाडौँ, गजेन्द्र नारायण सिंह स्मृति प्रतिष्ठान् ।

९. ज्ञवाली, मुक्ति प्रसाद, **साक्षरता कार्यक्रमका नीति र कार्यक्रमहरु,** Shakya, T.M. Advocacy for Literacy in Nepal.

१०. हुमागाई, रामरमण, (२०६४), **साक्षरताको अन्तर्राष्ट्रिय अवधारणा र नेपाल** ।

11 . Aryal Dr. Chuda Nath (1997), "The Perspective of Non formal education as a strategy for development."

12. Lamichhane, Dr. Shreeram (1992), "A[illegible]ysis of Perspectives on Non Formal Education Implication for Nepal."

13. Tuladhar Dr. Sumon Kamal (1994), "Development of a Participatory Community Video Model as a Post Literary Activity in Nepal."

# परिशिष्ट १

## महिला साक्षरता कार्यक्रमले दनुवार महिलाहरुमा पारेको प्रभाव

## सहभागी दनुवार महिलाका लागी प्रश्नावली

सहभागीको नाम, थर : ............................................................ वर्षः .......................

जाति : .................................... विवाहिता/अविवाहिताः .............................................

बाबु/पतिको नाम, थरः ..........................................................................................

अपाङ्ग भए किसिमः ..................................................................................................

१. तपाईको घरबाट केन्द्र कति टाढा छ ?

उत्तरः..............................................................................................................

२. तपाईसगँ पढ्ने दनुवार महिला सहभागी कति जना छन् ?

उत्तर : ...............................................................................................

३. तपाईलाई पढ्ने प्रेरणा कसले दियो ?

क) बुबा ख) आमा ग) साथी घ) अन्य

४. यो कार्यक्रम बारे तपाई कसरी थाहा पाउनु भयो ?

उत्तर .............................................................................................................

५. कक्षामा बस्नलाई के व्यवस्था गरिएकोछ ?

क) चटाई ख) गुन्द्री ग) बेन्च घ) अन्य

६. तपाईलाई पढाउन सहयोगी कार्यकर्ताको घर कति टाढा छ ?

उत्तर..............................................................................................................

७. के सहयोगी कार्यकर्ता सधैँ केन्द्रमा आउनुहुन्छ ?

उत्तर : ...........................................................................................................

८. पढाउने कायकर्ता हप्तामा कति दिन आउनुहुन्छ ?

उत्तर : ...................................................................................................

९. तपाईको मुख्य जिविकोपार्जन गर्ने पेशा के हो ?

क) कृषि  ख) व्यापार  ग) सेवा  घ) अन्य

१०. तपाई हप्तामा कति दिन कक्षामा सहभागी हुनुहुन्छ ?

क) २ दिन  ख) ३ दिन  ग) ४ दिन  घ) सबै दिन (प्रश्न नं.१२ मा जाने)

११. कक्षामा नियमित सहभागी नहुने वा हुने नसक्ने कारणहरु के के हुन् ?

क) घरमा काम परेर  ख) विरामी परेर

ग) रुची नभएर  घ) अन्य

१२. पढाई सम्बन्धी तपाईको प्रमुख समस्या के हो ?

क) पढाएको नबुझिने/भाषागत  ख) आफ्नो समय नमिलेको

ग) केन्द्र टाढा भएको  घ) अन्य

१३. के तपाईका गाउँमा रहेका सवै निरक्षर दनुवार महिलालाई महिला साक्षरता कार्यक्रममा आउने गरेका छन् ?

उत्तर : ..................................................................................................................

१४. किन सबै निरक्षर दनुवार महिला उक्त कार्यक्रममा समावेश छैन ?

उत्तर : ....................................................................................................

१५. तपाईसँग पढ्ने कति जना दनुवार महिला सहभागीले कक्षा बीचैमा छाडे ?

उत्तर : ..................................................................................................

१६. के कारणले गर्दा तिनीहरुले कक्षा छाडे ?

उत्तर : ..........................................................................................

१७. यो कार्यक्रम सञ्चालन गर्दा सहयोगी कार्यकर्तालाई परेका समस्या के  के थिए ?

उत्तर : ..........................................................................................

१८. तपाईको विचारमा यो कार्यक्रम राम्रो बनाउन कुन कुन निकायले के के गरिदिएको भए  कार्यक्रम राम्रो हुन्थ्यो ?

क) व्यवस्थापक ...................................

ख) सहयोगी कार्यकर्ता ...................................

ग) संचालक संस्था ...................................

१९. कक्षा चलिरहेको अवधिमा निरिक्षण कति पटक हुन्छ ?

क) हप्तामा १ पटक    ख) दुई हप्तामा १ पटक

ग) महिनामा १ पटक    घ) अन्य

२०. कस कसले निरिक्षण गर्ने गर्छ ?

उत्तर : ......................................................................................

२१.तपाईले अहिले सम्म कति महिना जति कक्षा पढ्नु भयो ?

उत्तर : ..........................................................................................

२२. तपाईको प्रौढ कक्षाको पढाईले दैनिक व्यवहारमा के के गर्न सहयोग पुऱ्याउँछ ?

क) सही    ख) स्वास्थ्य सरसफाई गर्न

ग) पत्रिका पढ्न    घ) हरहिसाव गर्न    ङ) अन्य

२३. यो कार्यक्रममा सहभागी भएपछि तपाईले आफ्नो व्यवहारिक जीवनमा प्रयोगमा ल्याउन सकेका कुराहरु के के हुन ?

क)

ख)

ग)

घ)

२४. तपाईको विचारमा यो कार्यक्रम कतिको प्रभावकारी छ ?

उत्तर : ..........................................................................................

२५. यसलाई थप प्रभावकारी जनमूखि बनाउन के गर्नुपर्ला ?

उत्तर : ................................................................................

## परिशिष्ट २

## महिला साक्षरता कार्यक्रमले  दनुवार महिलाहरुमा पारेको प्रभाव

## सहयोगी कार्यकर्ताको लागी प्रश्नावली

सहयोगी कार्यकर्ताको नाम,थरः ..........................................................................................

वर्षः........................ लिङ्गः........................ योग्यताः......................... ठेगानाः.......................

गा.वि.स. ⁄ न.पा.को नामः...................................................................................................

कक्षा चलेको स्थान, ठाउँ र टोलको नामः...........................................................................

कक्षा सञ्चालन समय :

१. तपाईको घरबाट केन्द्र कति टाढा छ ?

उत्तर : ..........................................................................................

२. कक्षा सञ्चालन कति घण्टा गर्नु हुन्छ ?

उत्तर : ..........................................................................................

३. तपाईसगँ पढ्ने महिला सहभागी कति जना छन् ?

उत्तर : .........................................................................................

४. तपाईलाई यस कार्यक्रममा पढाउने प्रेरणा कसरी कसबाट पाउनु भयो ?

उत्तर : .....................................................................................

५. एउटा कक्षामा कति जनालाई पढाउनु हुन्छ ?

उत्तर : ...........................................................................................

६. कक्षामा शिक्षण गर्दा कुन कुन सामग्रीहरु प्रयोग गर्नु हुन्छ ?

उत्तर ....................................................................................................

७. शिक्षण गर्दा आवश्यक पर्ने सामग्रीहरुको उपलब्धता कस्तो छ ?

उत्तर : .........................................................................................

८. शिक्षण गरिने गरेको स्थान केन्द्र कस्तो छ ?

क) कच्ची काठको ख) पक्की ग) सुविधा सम्पन्न घ) अन्य

९. हप्तामा कति दिन पढाउनु हुन्छ ?

उत्तर : .........................................................................................

१०. कक्षा अनुगमन निरीक्षण कुन कुन निकायबाट कति पटक हुने गरेको छ ?

उत्तर : .........................................................................................

११. कक्षा सञ्चालनार्थ गा.वि.स./न.पा./वडा.बाट के कस्तो कार्यमा सहयोग हुने गरेको छ ?

क) उत्प्रेरणा ख) व्यवस्थापन ग) निरीक्षण घ) अन्य

१२. कक्षा सञ्चालन गर्दा आइपर्ने समस्याहरु के के छन् ?

उत्तर .........................................................................................

१३. समस्या पर्ने गरेका छन भने प्रमुख समस्या तलका मध्ये कुन हुन् ?

क) व्यवस्थापन सम्बन्धी ख) पाठ्यसामग्री सम्बन्धी

ग) आर्थिक सम्बन्धी घ) सहभागीको नियमितता सम्बन्धी

१४. समस्या निराकरणका उपायहरु के के हुन सक्छ ?

उत्तर : .........................................................................................

१५. तपाईले पढाउने कक्षामा सबैजना दनुवार महिला नियमित छन् वा छैनन् ?

क) नियमित छन (प्रश्न नं. २० मा जाने) ख) नियमित छैनन

१६. नियमित छैनन् भने नियमित नहुने कारण के के हुन् ?

उत्तर : ........................................................................................

१७. तपाईले पढाउने कक्षामा बीचैमा कक्षा छाड्ने महिला कति जना छन् ?

उत्तर : ....................................................................................

१८. तपाईले बुझ्े अनुसार उनीहरुले किन बीचैमा कक्षा छोडेको थिए ?

क) केन्द्र टाढा भएर ख) फुर्सद नपाएर

ग) समय उचित नभएर घ) अन्य

१९. यस कार्यक्रमबाट ति महिलाको व्यवहारमा के के कुरामा परिवर्तन भएको छ ?

क) रहनसहन सम्बन्धमा :...............................................

ख) सरसफाई सम्बन्धमा :...............................................

ग) खानपान सम्बन्धमा :................................................

घ) स्वास्थ्यमा :................................................

ङ) परम्परागत सोच चिन्तन सम्बन्धमा :............................

च) आर्थिक सम्बन्धमा :................................................

२०. तपाईले सहभागीहरुको पेशागत क्षमता अविवृधिको लागी यो कार्यक्रमले सघाएको जस्तो लाग्छ ?

उत्तर.........................................................................................................

२१. तपाईलाई उक्त कार्यक्रमले उनीहरुको पेशागत शिप विकास गरेको जस्तो लाग्छ ? यदि छैन भने के गर्नुपर्ला ?

उत्तर ......................................................................................................

२२. तपाईको विचारमा यस कार्यक्रममा दनुवार महिलाको सहभागीता बढाउन के गर्नुपर्ला ?

उत्तर ......................................................................................................

## परिशिष्ट ३

### महिला साक्षरता कार्यक्रमले दनुवार महिलाहरुमा पारेको प्रभाव

### स्रोत व्यक्तिको लागि प्रश्नावली

स्रोत व्यक्तिको नाम थरः

..............................................................................वर्षः....................

जाति : ...................................... विवाहिता/अविवाहिताः.......................................

बाबु/पतिको नाम, थरः ...................................................................................

अपाङ्ग भए किसिम : .............................................................योग्यता..................................

१. तपाईको निरिक्षणमा रहेको गाउँमा संचालित कार्यक्रम कतिवटा र कुन कुन समयमा संचालन गर्ने गरेका छन् ?

उत्तर ..............................................................................................................................

२. उक्त कार्यक्रममा महिला सहभागीता कस्तो पाउनु भएको छ ?

उत्तर ..............................................................................................................................

३. तपाईको विचारमा महिला साक्षरता, कार्यक्रममा कसरी दनुवार महिला वर्गलाई बढी भन्दा बढी सहभागी गराउन सकिन्छ ?

उत्तर ..............................................................................................................................

४. तपाईको विचारमा महिला साक्षरता कार्यक्रममा सहभागी हुन दनुवार महिला वर्गको कस्ता खाले समस्या र चुनौति देख्नुहुन्छ ?

उत्तर ..............................................................................................................................

५. तपाई एउटा श्रोत व्यक्ति भएको नाताले महिला साक्षरता कार्यक्रम  दनुवार महिला जस्ता पिछडिएका वर्गको लागि कत्तिको सान्दर्भिक देखनु हुन्छ ?

उत्तर ..................................................................................................

६. तपाईको विचारमा महिला साक्षरता कार्यक्रम कतिको सफल भएको जस्तो लाग्छ ?

उत्तर ..................................................................................................

७. महिला साक्षरता कार्यक्रमलाई सफल गर्न के कस्ता सुधार गर्नुपर्ला ?

क) शैक्षिक .........................................

ख) व्यवस्थापन.........................................

ग) नितिगत.........................................

८. तपाई एउटा निरिक्षकको नाताले सुपरिवेक्षण भन्नाले के बुझ्नु हुन्छ र यो साक्षरता कार्यक्रम सफल पार्न किन आवश्यक देखिन्छ ?

उत्तर ..................................................................................................

९. साक्षरता कार्यक्रमलाई सफल पार्न एउटा स्रोत व्यक्तिको भुमिका बारे केहि भनि दिनु हुन्छ कि ?

१.

२.

३.

## परिशिष्ट ४

### महिला साक्षरता कार्यक्रमले दनुवार महिलाहरुमा पारेको प्रभाव

### सहभागी दनुवार महिलाका लागी प्रश्नावली

सहभागीको नाम, थर : ................................................................ वर्ष : .......................

जाति : .................................... विवाहिता/अविवाहिता : ......................

बाबु/पतिको नाम, थर : ....................................................................

अपाङ्ग भए किसिम : .....................................................योग्यताः....................................

१. के तपाईको गाउँमा महिला साक्षरता कार्यक्रम संचालनमा छन् ? कुन कुन ? बताईदिनुहोस् ।

उत्तर ..................................................................................................

२. उक्त कार्यक्रममा दनुवार जनसमुदायको सहभागीता कस्तो छ ?

उत्तर : ..................................................................................................

३. उक्त कार्यक्रममा महिला पुरुषको उपसथिती वारे वताईदिनुहोस ।

उत्तर : ....................................................................................................

४. तपाई अनौपचारिक प्रौढ केन्द्रमा गएर हप्ताको कति दिन हेर्नु भएको छ ?

उत्तर : ...................................................................................................

५. उक्त कार्यक्रम कुन समय र कति अवधि सम्म संचालन हुने गर्दछ ?

उत्तर : ..............................................................................................

६. तपाई एउटा गाउँको समाजसेवी वा बुद्धिजीवी भएकोले साक्षरता कार्यक्रमलाई सफल पार्न

कस्तो योगदान दिनुपर्ने हो जस्तो लाग्छ ?

उत्तर : ..............................................................................................

७. दनुवार महिलालाई बढीमा बढी साक्षरता कार्यक्रममा सहभागी गराउन के गर्नुपर्ला? तपाईको विचारमा वताई दिनुहोस् ।

उत्तर : ...............................................................................................

८. यस वर्गका महिलाहरुलाई साक्षरता कार्यक्रममा बढी सहभागी गराउन तपाई जस्तो समाजसेवीको के भूमिका हुन सक्छ ?

उत्तर : ............................................................................................

# परिशिष्ट ५

**साक्षरता कार्यक्रममा सहभागी दनुवार महिलाहरुका लिङ्ग , उमेर , जाति , वैवाहिक स्थिति विवरण ।**

| सि.न. | नम | लिङ्ग | वैवाहिक स्थिति | उमेर |
|---|---|---|---|---|
| १ | कमलमाया दनुवार | म. | विवाहित | ३८ |
| २ | जानकी दनुवार | म. | विवाहित | २७ |
| ३ | गितामाया दनुवार | म. | विवाहित | ४२ |
| ४ | धनमाया दनुवार | म. | विवाहित | ४५ |
| ५ | लक्ष्मी दनुवार | म. | विवाहित | ३२ |
| ६ | निरमाया दनुवार | म. | विवाहित | ३५ |
| ७ | सीता कुमारी दनुवार | म. | विवाहित | ४३ |
| ८ | रेणु कुमारी दनुवार | म. | विवाहित | ३८ |
| ९ | धरुमाया दनुवार | म. | विवाहित | २३ |
| १० | ललिता दनुवार | म. | विवाहित | ५६ |
| ११ | उमा दनुवार | म. | विवाहित | ३४ |
| १२ | बिन्दा कुमारी दनुवार | म. | विवाहित | २७ |
| १३ | तुलीमाया दनुवार | म. | विवाहित | २५ |
| १४ | कृष्ण कुमारी दनुवार | म. | विवाहित | ५४ |

परिशिष्ट ६

# Methodological Matrix

| Objectives | Methodology | Tools | Sources | Aspected Information |
|---|---|---|---|---|
| १) साक्षरता कार्यक्रममा दनुवार महिला सहभागिताको वर्तमान स्थिति पत्ता लगाउने । | कागजात अध्ययन | सर्वेक्षण | सहायक तथा माध्यमिक | १) उद्देश्यसँग सम्बन्धित साक्षरता कार्यक्रममा दनुवार महिला सहभागिताको संख्या तथा प्रतिशत प्राप्त गर्न सकिन्छ । |
| २) दनुवार महिलाहरुको सिकाई सीपलाई कक्षा कोठामा कसरी व्यवस्थापन गरिन्छ, पत्ता लगाउने । | अन्तर्वार्ता | सर्वेक्षण | प्राथमिक तथा माध्यमिक | २) दनुवार महिलाहरुको सिकाई सीपलाई कक्षा व्यवस्थापन तरिका सम्बन्धि जानकारी प्राप्त गर्न सकिन्छ । |
| ३) साक्षरता कार्यक्रममा सहभागी हुने दनुवार महिलाहरुलाई कस्तो खाले अप्ठ्याराहरु पर्दा रहेछन पत्ता लगाउने । | खुल्ला प्रश्नावली | | प्राथमिक | ३) क) उमेरको अप्ठ्यारो<br>ख) आर्थिक अप्ठ्यारो<br>ग) सामाजिक अप्ठ्यारो<br>घ) वातावरणीय तथा लैङ्गिक अप्ठ्यारो |
| ४) साक्षरता कार्यक्रम अभिवृद्धि गर्न ध्यान दिनु पर्ने क्षेत्रहरु पत्ता लगाउने । | कागजात अध्ययन | | सहायक तथा माध्यमिक | ४) क) शिक्षण विधिमा सुधार<br>ख) शैक्षिक सामग्रीमा सुधा<br>ग) विषय वस्तुमा सुधार<br>घ) पाठ्य सामग्रीमा सुधार<br>ङ) कक्षाकोठामा सुधार आदि |